# परमेश्वरको वचनले अविश्वासबाट पूर्ण पृथकीकरणको लागि बोलाउँछ

# GOD'S WORD CALLS FOR A TOTAL SEPERATION FROM UNBELIEF

**२१ जनवरी, सन् १९६४ फोनिक्स, ऐरीजोना**
**यू.एस.ए.**

........ वचनका जुन लेखहरूलाई मैले यहाँ लेखेको छु उनीहरूलाई म .... म चाहन्छु कि म तिनलाई एउटा विषयको नाउँ दिउँ (मैले बुझिराखेको छुइन कि म यसलाई एउटा विषयलाई नाम दिउँ कि न दिउँ : परन्तु आफ्नो सन्देशलाई आधार गर्न म यस विचारलाई लिन चाहन्छु : परमेश्वरको वचन अविश्वासबाट पूर्ण पृथकीकरणको लागि बोलाउँदछ ।

र अब म पवित्रशास्त्रमा उत्पत्तिको पुस्तकको १३ वाँ अध्यायभित्रबाट वचनलाई १३ अध्यायको पाँच पदबाट पढ्न चाहन्छु । मलाई वचन पढ्न सारै राम्रो लाग्दछ, किन कि जे जस्तो म भन्छु या अन्य कुनै पनि मानिस भन्दछन् : तिनीहरूको कुरो असफल हुन सक्दैन । र यही कारण हो कि मलाई वचनलाई पढ्न सारै राम्रो लाग्दछ । अतः त्यसैले मलाई थाहा छ कि यदि हामी

केवल वचन भित्रबाट, पढ्यौं भने यसलाई पढ्नले नै हाम्रो लागि केही न केही भलो (राम्रो) अवश्य नै निस्किएर अगाडि आउनेछ।

र लूतसँग पनि जो अब्राहमसँगै हिंड्दथियो, भेडा-बाखा, गाई-गोरु र तम्बू (पाल) थिए। त्यसै कारण त्यस देशमा ती दुवैको बराबरी हुन सकेन कि एकै ठाउँ बसुन्, किन की उससँग धेरै धन थियो त्यसैकारण उनीहरू एकै ठाउँ बस्न सकेनन् ।

त्यसैकारण अब्राहम र लूतका भेडा बाखा र गाई-गोरुका गोठालाहरूमा झगडा भयो, र त्यसबेला कमारी ..... र फिरन्ते मानिस ..... मानिस त्यसदेशमा बस्दथियो ।

तब अब्राहम लूतसँग भन्न थाल्यो, मेरो र तेरा बीच र मेरा र तेरा गोठलाहरू बीचमा झगडा हुन न पावस्, किन की हामी भाईबन्धु हौं ।

के सारा देश तेरो अगाडि छैन ? त्यसकारण मबाट अलग हो ।

यदि तँ देब्रेतिर जान्छस् भने म दाहिनेतिर जाउँला, यदि तँ दाहिनेतिर गईस् भने म देब्रेतिर जाउँला ।

तब लूतले आँखा तानेर यर्दन नदीको नजिकैको सारा तराई भागलाई हेर्‍यो कि त्यो सबै सिंचीत भएको छ, जबसम्म यहोवाले सादोम र गमोरालाई नास गरेको थिएन, तबसम्म नास गरेको थिएन, तबसम्म सोअरको बाटो (मार्ग)सम्म त्यो तराई यहोवाको वाटीका (फूलवारी) र मिश्र देश समान उपजाउ थियो ।

त्यसैकारण यर्दनको सारा तराईलाई चुनेर पूर्वतिर हिंड्यो र उनीहरू एक अर्काबाट छुट्टिए (अलग) भए ।

अब्रामको नाम देशमा रह्यो, तर लूत त्यस तराईको नगरहरूमा बस्न थाल्यो, र आफ्नो तम्बू सदोमको नजिकै ठड्यायो ।

उ युसुफको छोरो थिएन। यदि उ युसुफको छोरो हुँदो हो त उ युसुफसँगै हुने थियो। परन्तु उ आफ्ना पितासँगको र आफ्ना पिताको कार्यलाई गर्नका लागि रहेको थियो। अत वचन सर्वदा सुधारक व सही र वचन सर्वदा नै प्रत्येक गल्तीलाई सुधार गर्दै रहनेछ।

जब यो पृथ्वी .... जब परमेश्वर यस पृथ्वीलाई उपयोग गर्न गईरहेका थिए, त्यसबेला यो पृथ्वी घोर अन्धकारमा थियो। तब परमेश्वरको आत्मा बोल्यो, "उज्यालो भई जाओस्"। उसले उज्यालोलाई अँध्यारोबाट छुट्यायो। र उ त्यसैबेला देखि यस्तो गर्दैछ - उ उज्यालोलाई अँध्यारोबाट छुट्याई रहेको छ।

परमेश्वरको वचनले नै आदि (शुरु) मा भूमिलाई जलबाट अलग गरेको थियो। परमेश्वरले शब्द बोले र जल भूमिबाट अलग भयो। अतः ...... वचनले बोल्नुमा अवश्य नै परमेश्वरको कुनै न कुनै उद्देश्य हुन्छ। विना कुनै उद्देश्य परमेश्वर कदापि एक शब्द पनि बोल्दैनन् - एक शब्दलाई बोलीनुमा परमेश्वरको कुनै न कुनै उद्देश्य अवश्य नै हुन्छ।

परमेश्वर म जस्तो र तपाईं जस्तो छैनन्  या विशेष गरेर उनी म जस्तो छैनन् कि हामी धेरै व्यर्थका कुराहरू गर्दछौं, तर परेमश्वर सदा एउटै निश्चित उद्देश्यको साथ आफ्ना प्रत्येक वचनलाई बोल्दछन्। परमेश्वर जेजस्तो गर्न चाहन्छन्, उनी त्यसलाई वचनद्वारा नै  गर्दछन्, र परमेश्वरको वचन ठीक त्यही कार्य गर्दछ, जुन कार्यलाई गर्नको लागि परमेश्वरले बचन बोलेको हुन्छ।

यदि परमेश्वरले भने, "उज्यालो होस्" (उज्यालो भयो) र त्यहाँ उज्यालो भएन भने, यसको तात्पर्य हो कि परमेश्वरले उक्त वचन सदोमका मानिसहरू यहोवाको लेखमा सारै दुष्ट र पापी थिए।

जब लूत अब्रामसँग छुट्टियो तब त्यसपछि यहोवाले अब्रामसँग भन्यो, आँखा उठाएर जुन ठाउँमा तँ छस्, त्यहाँ उत्तर दक्षिण, पूर्व-पश्चिम चारैतिर दृष्टि घुमा ।

किन की जति तैंले देखि राखेको छस् त्यो सबैलाई तँ र तेरा वंशलाई युग युगको लागि दिनेछु (दिउँला) ।

अहिले पढिएको वचनद्वारा र स्वयं वचनलाई प्रकट हुँदै गरेको देखेर हामी केवल यो थाहा पाउँछौं कि, परमेश्वरको वचनको बुलावटको आशय पूर्ण पृथकीकरणसँग छ ।

उत्पत्ति १:३ मा हामी देख्दछौं कि आदिमा यस पृथ्वीमाथि घोर अँध्यारो थियो, तथा परमेश्वरको आत्मा पानी माथि रहेको थियो । तब परमेश्वरले भने, "उज्यालो हो", तब उज्यालो भयो । र परमेश्वरले उज्यालोलाई देखे कि राम्रो छ, परमेश्वरले उज्यालोलाई अँध्यारोबाट छुट्टयाए । अतः परमेश्वरको वचनले आदि (शुरु) देखि नै उज्यालोलाई अँध्यारोबाट पृथक गर्न आरम्भ गरिदिएका थिए, र परमेश्वरको वचन आज पनि ठीक यस्तै नै गर्दै आएको छ ।

जस्तो कि मैले हिजो राती बताएको थिएँ कि जब येशू बाह्र वर्षका थिए, र जब उसकी आमा र मानिसद्वारा बनाइएकी परमेश्वरकी आमाले गल्ती गरी उसले त्यसलाई तुरुन्त सच्यायो । यस स्त्रीले येशूसँग भनी, "देख्यौ तेरा बाबु र म दौडी दौडी तँलाई खोजिरहेका थियौं ।" र वचन भएको कारण येशूले उनलाई तुरुन्तै उत्तर दिए, "के तिमीलाई थाहा थिएन कि मैले आफ्ना पिताको कामहरूमा अवश्य नै लागि रहनु छ ? देख्यौ उ येशूलाई युसुफको छोरा भन्ने चेष्टा गरिरहेकी थिई, परन्तु भनी हालेको चाहिँ छैन । सम्झयौ ? किन की जे जति पनि परमेश्वर भन्दछन्, भने त्यसलाई परमेश्वर (परमेश्वरका) भनेका वचन अनुसार पूरा

पनि हुनै पर्छ। जब परमेश्वरको वचन प्रकट भयो, त्यसबेला उज्यालो थियो। परमेश्वरको वचन तबसम्म उज्यालो हुन सक्दैनथियो, जब सम्म कि उ उज्यालोको रुपमा प्रकट हुँदैन थियो। परन्तु जब यस धरतिमा उज्यालो फैलियो तब यसले यो प्रदर्शित गऱ्यो कि वचनको प्रकटीकरण भएको छ र यही उज्यालो थियो।

अब आज परमेश्वर कुनै प्रतिज्ञा गर्दछन्, र जब उसको प्रतिज्ञाको प्रकटीकरण हुन्छ, भने त्यही नै उज्यालो हो - त्यो नै यस दिनको उज्यालो हो, त्यो नै यस घडीको लागि परमेश्वरको वचनको प्रकटीकरण हुन्छ (हुने गर्छ)।

तब परमेश्वर यस्तो पृथ्वी चाहन्थे, जुन (जसले) रुख विरुवा उमारोस्, उनी पृथ्वीमाथि मानिसलाई राख्न चाहन्थे। र तब परमेश्वरले वचन बोलेर पानीलाई दुई भागमा विभाजित गरे। उत्पत्तिको समयदेखि नै परमेश्वरले जीवनलाई मृत्युसँग अलग गरे।

अब यदि हामी परमेश्वरको वचन माथि विश्वास गर्दछौं भने त्यही वचन हाम्रो लागि जीवन बन्दछ, परन्तु जब हामी परमेश्वरको वचनमाथि सन्देह गर्दछौं भने त्यही वचन हाम्रो लागि मृत्यु बन्दछ। किन की जब परमेश्वरले बोले कसले त्यसलाई झुठा भन्न सक्दछ ? बुझ्यौ ? र जब हामी परमेश्वरको वचनमाथि अविश्वास गर्दछौं, भने त्यही वचन हाम्रो मृत्यु बनीदिन्छ, जस्तो कि उ हव्वाको लागि वनेको थियो।

अब हामी देख्दछौं कि हव्वाले परमेश्वरको एउटा सानो वचनमाथि अविश्वास गऱ्यो तब यसबाट के उत्पन्न भएको छ ? यसले ती समस्त पीडाहरूलाई जन्म दियो, जसलाई आज हामी सहन गरिरहेका छौं (सहन गर्दछौं) त्यो वचनको आडमा

रहीरहेको हुँदो हो। उसले परमेश्वरको वचनरुपी किल्ला बन्दीमा नै अडिग रहँदो हो। उसले, परमेश्वरको वचनरुपी हतियारलाई थामि समाईराखेको हुँदो हो र परमेश्वरको वचनलाई अविश्वास न गर्दो हो त, कदापि यो सबै घटित नभएको हुँदो हो। परन्तु तपाईं देख्नु हुन्छ कि यसमा (यसले) मृत्युलाई जन्मायो।

तब परमेश्वरले अदनको वाटीका (फूलबारी) मा नै जीवनलाई मृत्युबाट छुट्याएका थिए, उनले यस्तो आफ्नो वचनद्वारा नै गरेका थिए र आज हामी घोर अन्धकारमा छौं ( जस्तो कि मैले आइतबार नै भनेको थिएँ, पृथ्वीमाथि र राज्य-राज्यका मानिसमाथि घोर अन्धकार छाएको छ, भने आज पनि उ ठीक यस्तै नै गरिरहेको छ। र जसले उसको वचनमाथि विश्वास गर्न चाहन्छन्, उ ती मानिसहरूको यी सबै कुराहरूको बीच अहिले पनि आफ्ना जीवनका वचनलाई बोलीरहेको छ।

अब हामी देख्दछौं कि ..... येशू निरन्तर नै हामीलाई पृथकीकरणको विषयमा भनी नै रहन्थे। र हामी देख्दछौं कि यस मानव जातिको लागि अन्तिम भविष्यवाणी यो हो कि त्यो न्यायको दिन जब हामी परमेश्वरको सम्मूख उभिने छौं तब त्यहाँ अन्तिम पृथकीकरण हुनेछ। उसले भेडाहरूलाई बाखाबाट अलग गर्नेछ।

परमेश्वर निरन्तर नै पृथकीकरण गरी नै रहेको छ, र उ यस्तो नै गर्दै रहनेछ, र आज राती पनि उ उस्तै नै गर्नेछ। उसले सर्वदा यस्तो नै गरेको छ। तपाईं उसले यस्तो गर्दै गरेको प्रत्येक सभामा देख्न सक्नुहुनेछ। उ वचन बोल्दछ र विश्वासलाई अविश्वासबाट अलग गर्दछ। उ केवल उनीहरू माथि मात्रै विश्वास गर्दछ जसले उ माथि विश्वास गर्दछन् र उ ती सँग मात्रै कुराकानी गर्नुका साथै ती माथि मात्रै स्वयंलाई प्रकट गर्दछ। या जो उनीमाथि विश्वास गर्ने इच्छा राख्दछन्।

हामी गिन्तीको पुस्तकको छैठौं अध्यायमा नाजीर (Nazirite) देख्दछौं - त्यो व्यक्ति जो परमेश्वरको वचनको लागि समस्त दुनियादारी व समस्त दुनियावि अभिलासाहरूबाट पृथक रहन्छ, नाजिर कहलाउँदछ, अत पृथक भएका मानिस नाजिर भनिन्छ।

हामी देख्दछौं कि शिमशोन परमेश्वरको वचनको लागि नाजिर थियो, र उ एउटा चिन्हको द्वारा परमेश्वरको लागि पृथक गरिएको थियो, र चिन्ह यो थियो कि उसले आफ्ना कपालहरूलाई ती सात लटाहरू सहित लामो राख्नु पर्दथ्यो। यही उसको पृथकीकरणको चिंन्ह थियो कि उ कुनै निश्चित उद्देश्यको लागि बोलाइएको छ।

र अब म नाजिर विषयमाथि बोल्न चाहन्न, किन की मैले पहिले नै भनिसकेको छु, कि आज राती म केही मिनटको लागि मात्र बोल्नेछु। आज म आफ्नी (आप्ना) बहिनीहरूलाई लामो कपाल राखी रहेको देख्दछु, र पवित्र शास्त्र पनि यस्तो नै बताउँदछ कि उनीहरूले यस्तै गर्नुपर्ने। जब म आप्ना बहिनीहरूले लामो कपाल राखेको देख्दछु, तब म विचार गर्दछु कि यही नै उनीहरूको नाजीर भएको चिन्ह हो, कि उनी परमेश्वरको अनुकरण गर्न चाहन्छे।

र उनले यस्तो गर्दै गरेको देखेर यस्तो लाग्दछ कि मानौं कोही उनीबाट यस्तो गराउने प्रयत्न गरीरहेको छ कि परमेश्वरले उनलाई यसो नै गर्नको लागि बताएका छन्। ती मानिसहरू जो परमेश्वरको लागि समस्त दुनियावी वस्तुबाट पृथक भै सकेका हुन्छन्, उनीहरूलाई यससँग मतलब हुँदैन कि उनले यसको लागि के चुकाउनुपर्दछ, या संसार उनको विषयमा के-के कुरा गर्दछ, या उनको कति मजाक बनाइने गरिन्छ, या कति

आलोचना गरिने गरिन्छ, यी सबै कुराहरूले उनीलाई एकदमै विचलित गर्न सक्दैन। उनीहरू त केवल वचनको पालन गर्दै रहन्छन् र स्वयंलाई सांसारिक वस्तुहरूबाट अलग राखेका हुन्छन्, किन की वचन नै उनलाई पृथकीकरण गर्दछ।

मलाई थाहा छ, उनीहरूले आलोचनालाई सामना गर्नुपर्दछ, परन्तु यदि हाम्रो आलोचना हुँदैन भने यसको तात्पर्य यो हो कि हामीमा अहिले पनि केही न केही गडबडी अवश्य नै पाइन्छ (पाइने गरिन्छ) संसार उनीहरूसँग सदा सर्वदा यस्तो नै गर्दछ। परन्तु मैले जस्तो भनेको थिएँ ... याद रहोस .... कि परमेश्वरको वचनको कारण आलोचनाहरूलाई सहनु परमेश्वरको अनुग्रहको लागि पीडालाई बढाउनु हो। यसले यो प्रदर्शित हुन्छ कि स्वयंलाई एउटा मसिह बनाउनको लागि - एउटा मसिहको जस्तै कर्म गर्नको लागि परमेश्वरको साक्षी बन्नको लागि यही तपाईंका प्रतिज्ञा हो। परमेश्वरको बोलावट (परमेश्वरबाट) बोलाईनु नै तपाईंको दुनियावि अभिलाषाहरूबाट पृथक गर्दछ। म यत्किन गर्दछु कि परमेश्वरको आहतबाट जन्म पाएका प्रत्येक स्त्री ती पुरुष, प्रत्येक युवक वा युवती परमेश्वरका साक्षी हुन्, किन की उनीहरूले स्वयंलाई दुनियावि अभिलाषाहरू तथा दुनियावि वस्तुहरूबाट पृथक गरेका छन्।

तपाईंहरू त्यस शहरमा बस्नुहुन्छ, जहाँ ठूला ठूला उच्चो स्तरीय विद्यालयहरू छन् र हामीहरू देख्दछौं कि हाम्रो देश निरन्तर उच्च स्तरीय शिक्षालाई प्रोत्साहीत गरिरहेको छ (यो एउटा राम्रो कुरो हो र हामी यसको विरोधमा छैनौं। परन्तु शिक्षा तपाईंलाई उद्धार दिलाउन सक्दैन। एउटा वैज्ञानिक गहुँको दानालाई छुट्टयाएर अलग गरेर तपाईंलई यो भन्न सक्दछ कि यो गहुँको दाना कति प्रकारका रासायनिक तत्व मिलेर बनेको छ,

परन्तु उ त्यसमा पाइने जीवनको खोज गर्न सक्दैन। शिक्षा तपाईंलाई गणित पढाउन सक्दछ, उ तपाईंलाई इतिहास व अन्य सबै विषयहरूमा शिक्षित बनाउन सक्दछ, परन्तु उ तपाईंमा जीवन उत्पन्न गर्न सक्दैन। तपाईंको शिक्षा तपाईंलाई यस्तो कदाचित गर्न सक्दैन। तपाईंमा जीवन उत्पन्न गर्ने परमेश्वर एकमात्र यही तरिका छ कि तपाईं स्वयंलाई दुनियावि अभिलाषाहरूबाट तथा दुनियावि वस्तुहरूबाट अलग गरेर परमेश्वरका प्रतिज्ञा गरिएका वचनसँग दृढतापूर्वक जोडिइ रहनुस्।

येशू त्यस दुलहीको लागि, त्यस कलीसिया (स्त्री)को लागि आइरहेका छन्, जसले स्वयं दुनियावि अभिलाषाहरूबाट तथा दुनियावि वस्तुहरूबाट पृथक गरेका छन्। जुन युगमा हामी रहीरहेका छौं, त्यो दुलही यस युगको आधुनिक फैसनबाट अछुति छ। उसले स्वयंलाई दुनियावि अभिलाषाहरू तथा गिरजाको रितीरिवाजबाट पृथक गरेकी छ। उ त केवल परमेश्वरको वचनको लागि पृथक छ, र परमेश्वर वचन हो। र जस्तो पनि एक हुन्छन्, ता कि वचन दुलही मार्फत् (हुँदै) जीवन्त प्रकट हवस् र यही नै दुलहीको प्रमाण-पत्र हो - यही नै दुलहीको पहिचान हो। यदि म पी.एच.डी. मा एल.एल.डी.को उपाधि प्राप्त गरुँ वा कुनै निश्चित विद्यालय वा संस्थाबाट प्राप्त उपाधिलाई तपाईंलाई या कुनै अर्को विद्यालयलाई देखाएँ भने, त्यस विद्यालयले त्यस प्रमाणपत्रहरूलाई मान्यता प्रदान गर्दछ। परन्तु एउटा साँच्चो विश्वासीको प्रमाणपत्र यही हो कि परमेश्वरको वचन उसमा निवास गर्दछ, र येशू मसीहको वचन निवास गर्नु प्रमाणित हुन्छ। यस्तो मानिस नै परमेश्वरको लागि साक्षी हुन्छ। पवित्रशास्त्र बताउँदछ, “परमेश्वरको वचन जीवित र एउटा दुइधारे तलवार (तरवार) भन्दा पनि धारीलो छ, र उ जीव र आत्मालाई गाँठा-गाँठा र गुदी-

गुदीलाई छुट्ट्याएर वार-पार छेड्दछ र मनका भावनाहरू र विचारहरूलाई जाँच्दछ।" यही कारण थियो कि येशू मानिसको हृदयलाई देख्न सक्दथिए, र थाहा पाउँद थिए कि उनीहरू के सोचिरहेका छन्, किन की उ वचन थियो।

पहिलो आदम संसारमा जन्मिएको थियो, यो त्यो जन्मिएको थिएन अपितु परमेश्वरले उसलाई सृष्टि गरेका थिए। यही आदमले स्वयंलाई आफ्नी पत्नीको लागि परमेश्वरको वचन अलग गरेको थियो। यदि उसले चाहेको भए परमेश्वरको वचनमाथि स्थिर र अडिग रहन सक्नेथियो, परन्तु उसले स्वयंलाई आफ्नी पत्नीको लागि परमेश्वरको वचनबाट पृथक गरेको थियो। आज दुनियावि सबै गिरजाका सबै सदस्यहरूमा एउटै खास कुरो पाइन्छ, त्यो यो हो कि आफ्ना आफ्ना गिरजालाई कायम राख्नको लागि, उनीहरूले स्वयंलाई साँचो र जीवित ( जिउँदो) वचनबाट छुट्ट्याएका थिए। जहाँ यो .....हब्बाले परमेश्वरको वचनमाथि सन्देह गरेको थियो कि परमेश्वरले उनीहरूलाई दण्ड दिन्छन् कि दिँदैन। शैतानले वचनमाथि अविश्वास उत्पन्न गऱ्यो, र हव्वाले शैतानलाई विश्वास गऱ्यो र जब उसले गऱ्यो तब ..... ।

आज कलीसिया परमेश्वरको वचनमाथि विश्वास गर्दछन्, "के अहिले पनि येशू त्यस्तै नै छन् ? के अहिले पनि येशू आफ्ना कलीसियामा जीवित नै छन्, र ती सबै आश्चर्य कर्महरूलाई देखाउँदछन्, जुन उसले यस पृथ्वीमा बस्दाखेरी देखाएका थिए ?" यसको लागि येशूले हामीसँग निश्चय नै यहून्ना १४:१२ मा प्रतिज्ञा गरेको छ, "म तिमीसँग साँचो भन्छु, कि जसले म माथि विश्वास गर्दछ, यी कामहरू जो म गर्दछु, यो काम उसले पनि गर्नेछ यो

भन्दा पनि ठूला ठूला काम गर्नेछ किन की म आफ्ना पिता भएको ठाउँमा जान्छु, र विश्वास गर्नेहरूलाई यो चिन्ह हुनेछन् ।"

आज मानिसहरूको लागि यो सवाल (प्रश्न) छ के वास्तवमा येशू यी सबै कुराको मतलब राख्दछन्, के आज पनि उनी यी सबै कामहरूलाई गर्दछन् ?" र जब तपाईं गिरजाकारले भनेका यी सबै कुराहरूलाई स्वीकार गर्नुहुन्छ, कि के वास्तवमा आज पनि येशू यी कामहरूलाई गर्दछन् । त्यसो भए तपाईं पनि ठीक त्यस्तै नै गर्नुहुन्छ, जस्तो आदमले गरेको थियो र तपाईं स्वयंलाई दुनियावि गिरजाहरूसँग त्यस स्त्रीसँग मिलेर गर्नुहुन्छ, जसलाई प्रदान गर्ने (दिने) प्रतिज्ञा परमेश्वरले ती विश्वासीहरूको लागि गरेका छन्, जसले स्वयंलाई परमेश्वरको वचनको लागि पृथक गरको छन् । यही सत्य हो ।

हामीलाई त्यस दिनमा बस्नको लागि सौभाग्य प्राप्त भएको छ, जब हामी यो हेर्दै आएका छौं कि प्रत्येक कालमा कुनै निश्चित घटना घटित हुनको लागि परमेश्वरको वचन अंश-अंश गरेर प्रदान गरिएको थियो । र जब यो वचन अंश-अंश गरेर आउँदथियो, तब मानिसहरू कहिले कहिले विचलित पनि हुने गर्दथिए कि मुक अमुक घटना कसरी घटित होला ।

परन्तु ती सबै युगहरूमा परमेश्वरले आफ्नो एउटा भविष्यवक्तालाई पठाउँदथिए र परमेश्वरको वचन सर्वदा (सँधै) भविष्यवक्तासँगै आउँदछ । भविष्यदूक्ता नै परमेश्वरको त्यस बखतका पिडीहरूमाथि प्रकट गर्दथियो । भविष्यवक्ता सँधै नै परमेश्वरको लागि साक्षी हुन्छ, उ त परमेश्वरको वचनलाई पालन गर्नको लागि अन्य सबै कुराहरूबाट पृथक हुन्छ ।

के तपाईंलाई थाहा छ कि जब पतरस र यहुन्नासँग पिन्तेकुस्तको अनुभवको विषयमा सोधिएको थियो तब उनीहरूले के

उत्तर दिएका थिए, "के हाम्रो लागि यो उचित छैनकि हामी परमेश्वरको आज्ञालाई पालनगरौं या मानिसको आज्ञालाई पालनगरौं ?"

पहिले आदमले आफ्नी पत्नीसँग मिलेर रहनको लागि स्वयंलाई वचनबाट अलग गरेको थियो, उसकी पत्नीले सन्देह गरेकी थिइ कि परमेश्वर आफ्नो वचनलाई पूरा गर्दछन् या गर्दैनन्, उ आजका दुनियावि दिमाग वाला, गुन गुने विश्वासीहरूको के गजबको सिद्ध तस्वीर थियो। उनीहरू आज पनि परमेश्वर वचनलाई ग्रहण गर्नुको सट्टा, ती सबै कुराहरूमा लम्पट बनिरहन चाहन्छन्, जसले तीनको रिती रिवाजबाट बताउँदछन् (भन्दछन्) ती आदमका अत्याधिक वास्तविक तस्वीर हुन्। आदम आफ्नी पत्नीको लागि वचनबाट छुट्टिन्छ (अलग) हुन्छ। परन्तु अर्को आदमको सृष्टि एउटी स्त्रीको गर्भमा गरिएको थियो, र जब उ यस संसारमा आयो, तब उ परमेश्वरको वचनको लागि साक्षी थियो। उ वचनको लागि दुनियादेखि पृथक थियो।

हिब्रु सातवाँ अध्यायको २६ वाँ पद हामीलाई बताउँदछ कि ती पुरोहित निरन्तर मरीरहन्थे, परन्तु येशू पवित्र र निष्कपट र पापीहरूबाट अलग गरिएको थियो। परमेश्वरको वचन माथि अविश्वास गर्नु नै पाप हो। त्यसमा कहिले पनि कहीं पनि अविश्वासी पाईंदैन थियो। अविश्वास गर्नु नै पाप हो। जब येशू यस पृथ्वीमाथि थिए तब उनले भनेका थिए, "कसले म माथि दोष लगाउन सक्दछ ? यदि मैले ती भविष्यवाणीहरूलाई, जसलांई युगमा पुरा हुनुथियो, ठीक त्यसरी नै पुरा गरेको छैन- यदि मैले मसीहा हुनुपर्ने प्रत्येक ती मागहरूलाई पुरा गरेको छैन, जसलाई मसीहाले पुरा गर्नुपर्दथियो, भने तिमी मेरो विश्वास नगर।" उसले यो पनि भन्यो "पवित्र शास्त्रमा खोज्दछौं, किन की सम्झन्छौ कि त्यसमा अनन्त जीवन तिमी भेट्दछौ। र यो

त्यही हो, जसले मेरा गवाही दिन्छ, उसैले तिमीलाई बताउँदछ कि म को हूँ।" किन की अदनको वाटीका (फूलबारी) बाटै यो भविष्यवाणी गरिएको थियो, कि एउटा उद्धारकर्ता आउनेछ।

एउटा भविष्यदूक्ताले भनेको थियो कि उ एउटी कुमारी (कुँवारी)बाट उत्पन्न हुनेछ र उ इम्मानुएल कहलाउनेछ। उ अच्चमको युक्ति गरिनेबाट, पराक्रमी, परमेश्वर अनन्तकालको पिता र शान्तिको राजकुमार कहलिनेछ। र उनीहरू इनै सबै कुराको उसमाथि दोष लगाउँदथे। उनी म माथि दोष लगाउँदथिए कि उ स्वयंलाई परमेश्वर बताउँदछ। उ परमेश्वर थियो, उ शान्तिको राजकुमार थियो, उ अद्वैत पराक्रमी परमेश्वर र अनन्तकालको पिता थियो। आत्मीक रुपले हेर्‍यौं हाम्रो उसको अलावा कुनै अर्को पिता छैन। उ नै हाम्रो एक मात्र पिता हो। र हामी देख्दछौं ..... उ प्रत्येक विश्वासीको पिता हो - तिनीहरू उसको वचनलाई विश्वास गर्ने छन्, उ उनीहरूको पिता हो। उ गिरजाहरू र उनीहरूको रिती-रिवाजसँग र उसको आमासँग पूर्णरुपले पृथक गरिएको थियो, र उ केवल त्यही कार्य गर्दथियो, जसबाट उसको पिता प्रसन्न हुने गर्दथ्यो।

अतः उ आदमभन्दा भिन्न थियो। यसको कुनै तात्पर्य थिएन कि कोई उसमाथि वचनमाथि, के आरोप लगाउँद थियो। उ वचन थियो, र उसले प्रमाणित गर्‍यो कि वचन सत्य छ, उ सँधै यस्तै नै गर्दछ, र उ सँधै यस्तो नै गर्दैरहेनेछ। जब शैतानले वचनलाई उसभित्रबाट धमिल्याउने चेष्टा गर्‍यो तब उसले भन्यो, "लेखेको छ ......" उसले शैतानसँग मुकावला (संघर्ष) वचनबाट गर्‍यो, कि उ स्वयं वचन थियो।

पवित्र शास्त्रमा सन्त यहुन्नाको पहिलो अध्याय बताउँदछ, आदि (शुरुमा) वचन थियो, र वचन परमेश्वरसँग थियो र वचन शरीररुपी (देहधारी) भयो र उसले हामी माझमा डेरा गर्‍यो ....।

उ हिजो, आज र युगानु-युग एक समान छ। परमेश्वरद्वारा भनिएको वचनसँग सदा सर्वदा यही संयोजन पाइने गर्दछ। कुनै पनि दिनको लागि परमेश्वरद्वारा प्रतिज्ञा गरिएका वचनसँग पनि सर्वदा यही संयोजन पाइने गर्दछ । र जब परमेश्वरको वचन आउँदछ, तब यो यति असाधारण हुन्छ कि मानिस यसलाई मुस्किलले नै ग्रहण गर्न पाउँदछन्। किन की हामी यसमा आफ्ना रिती-रिवाज व धार्मिक मत स्थापित गरिदिन्छौं, कि हाम्रो लागि सत्यलाई ग्रहण गर्न अत्यधिक कठिन भईदिन्छ।

विचार गर्दछु कि जब मरीयम गर्भवती थिई, तब धेरै जसो नै युसुफसँग पनि थियो। युसुफ मरीयमसँग प्रेम गर्दथियो। र उ उसलाई विश्वास पनि गर्दथियो। उ एउटा धार्मिक जन थियो, उ एउटा भलो मानिस थियो, र उस त्यस भनाइमाथि पनि विश्वास गर्न चाहन्थ्यो, जुन मरीयम उसलाई सुनाइरहेकी थिई, परन्तु उसको हृदयमा अहिले पनि यसको विषयमा सन्देह थियो, "उ एउटी असल स्त्री हो ....।" यसमा कुनै सन्देह छैन कि मरियमले युसुफलाई बताएको थियो कि जिब्राइल स्वर्गदूत उ भएको ठाउँ (उ सँग) आएको थियो। र युसुफ जो दाउदको घटनाको थियो, उसलाई यस्तो लाग्दथियो कि मरियम आफ्नो कलंकबाट बच्नको लागि उसलाई ढालको रुपमा उपयोग गरी रहेकी छ। किनकि मरियमको म सँग मंगनी (विवाहको कुरो) भइसकेको थियो, र मरियमलाई यस्तो अवस्थामा पाइनु, व्यविचारमा पाइनु जस्तो थियो (व्यवस्था विवरण हामीलाई यस्तै भन्द (बताउँद) छ र यस कुकर्मलाई गर्ने वालालाई ढुंगाले किच्च्याएर मारिने गरिन्थ्यो र युसुफलाई यस्तै लाग्दथियो कि भरीयम उसलाई ढालको रुपमा प्रयोग गरिरहेकी छ।

पवित्र शास्त्र बताउँछ कि युसुफ एउटा मानिस थियो - उ एउटा साधारण मानिस नै थियो - उ एउटा भलो मानिसै थियो। परन्तु मरीयम गर्भवती हुने मामला यति असारधाण थियो कि उ यस कुरालाई स्वीकार गर्न नै सक्दैनथियो। यसमा कुनै शंका छैन कि उसले मरीयमको निर्दोष अनुहारलाई हेरेको होला, र उसले उसको निष्कपटता र निस्कलंकताको विषयमा जुन मरीयम उसलाई सुनाई रहेकी थिईन् .... तब हुन सक्दछ व हुन सक्दछ उ आफ्नो घर या आफ्नो सिकर्मीको घरमा गएको होस्, र उसले भनेको होस्, "मैले यस्तो केही भेट्टाइन कि मरियम मलाई झूठो बताईरहेकी छ, परन्तु उ गर्भवती हुनु अत्यधिक असाधारण थियो, किन की यस्तो हुनु उसको सोचाईभन्दा टाढाको कुरो थियो। परन्तु मरीयमको गर्भवती हुनु, वचनमा पाईने गर्छ।

र भाईहरू ठीक यस्तै नै आज पनि छ, कि येशू मसीहको पुनारुत्थानको सामर्थ र यस घडीको लागि प्रतिज्ञाको वचन यति असाधारण छ कि असल मानिसहरू पनि यसलाई ग्रहण गर्न पाइराखेका छैनन्। यो अत्यन्त असाधारण हो (छ)। मुर्दालाई बचाइएको छ। अन्धाले देख्दछन्, बहिराले सुन्दछन्, पवित्र आत्मा नै मानिसहरूको हृदयमा गुप्त भेदहरूलाई प्रकट गरिरहेको छ, र भविष्यमा हुने वाला घटनाहरूको विषयमा बताईरहेको छ, र उसद्वारा गरिएको भविष्यवाणी एक पटक पनि असफल भएको छैन। ओहो ! उनीहरू यसलाई ग्रहण नै गर्न सक्दैन। जस्तो उनीहरूले त्यसबेला गरेका थिए, ठीक त्यस्तै नै उनीहरू अहिले गरिरहेका छन्। उनीहरू भन्दछन्, "यो मस्तिष्कद्वारा हृदयको गुप्त भेदहरूलाई प्रकट गर्ने एउटा कला हो या यो कुनै दुष्टत्मा हो।"

परन्तु अत्यधिक असाधारण छ, कि म यसलाई ग्रहण नै गर्न पाइरहेको छुइन । देख्यौ, परमेश्वरको वचनको असाधारणतालाई ।

परन्तु जो मानिस विश्वासी बन्नको लागि यस संसारमा उत्पन्न हुन्छ, जब उ स्वयं वचन विरोधी समस्त कुराहरूबाट पृथक हुन्छ, भने उ परमेश्वरको साक्षी बन्दछ। र यही पूर्ण पृथत्करण हो । येशूले भनेका थिए, "म पत्नीलाई उसको पतिबाट अलग (छुट्याउन) आएको हुँ (म परिवारमा फूट उत्पन्न गर्न आएको हुँ) र जो कोही मेरो पछाडि आउन चाहन्छ, आफूलाई इन्कारेर आफ्नो क्रुस बोकेर मेरो पछाडि लागून ।" समस्त कुराहरूबाट पृथक हुनुको कारण हो (तात्पर्य हो) तपाईं स्वयंलाई गिरजा या या कुनै समुदायबाट अविश्वासीहरूबाट अथवा परिवारहरूबाट अथवा जे जस्तो पनि तिम्रो र परमेश्वरको समस्त वचनमाथि अविश्वास गर्नका लागि विघ्नको रुपमा तपाईको बाटोमा आउँदछ, उसबाट अलग (पृथक) हुनु सायद तपाईको आत्मा त्यस घडीको लागि गरिएका प्रत्येक बाधाहरूको साथ 'आमीन' शब्दको उच्चारण गर्नुहुन्न भने यसको तात्पर्य हो कि तपाईमा कहीँ न कहीँ अवश्य नै कुनै गडबडी पाइने गर्छ तथा तपाईको पृथकरणको आवश्यकता छ ।

येशू देहधारी वचन थिए र ऊ पापीहरूदेखि, अविश्वासीहरूदेखि पूर्णतः पृथक थियो कि वचन स्वतः नै पूर्ण रुपबाट प्रकट भइरहेको थियो- उसबाट वचनको पूर्ण प्रकटीकरण भइरहेको थियो । उसले भनेको थियो, "म तबसम्म केही पनि गर्न सक्दिन, जबसम्म पिताले त्यो गर्दै गरेको देख्दिन ।"

उनीहरू येशूसँग यी कामहरूको विषयमा वादविवाद गर्दै थिए । परन्तु येशूले भने, "म तिमीसँग साँचो-साँचो भन्दछु, पुत्र आफैले केही पनि गर्न सक्दैन, परन्तु ऊ त कैवल त्यही गर्न सक्दछ,

जुन पिताले गर्दै गरेको देख्दछ।" ध्यान दिनुहोस्, उसले जेसुकै भन्यो, त्यो पूर्ण सिद्ध थियो.... येशूलाई यी सबै कामहरूको विषयमा यो केही सोच्ने आवश्यकता थिएन। उसका कार्यसिद्ध थिए। र, उसको सिद्ध सत्य सर्वदा सत्यतालाई त्रुटिबाट पृथक गर्दछ।

जस्तो कि मैले यी कुरालाई पटक-पटक उल्लेख गरेको छु; उसकी आमाले भनेको थियो, "हेर, तेरो पिता। र म...." यी पुरोहितहरूको अगाडि त्यो पहिले नै प्रमाणित गरिसकेको थिएँ, कि ऊ एउटी कुवारीबाट उत्पन्न भएको परमेश्वरको पुत्र हो। परन्तु आफ्नो व्याकुलताका तीक्ष्णहरूमा..... ।

हामीसँग कुनै पनि यस्तो प्रमाण छैन कि त्यो बाह्र वर्षको बालक कुनै पनि विद्यालयमा गएको होस्, परन्तु त्यो बालक बुद्धिमानीतामा यति धेरै श्रेष्ठ कसरी हुन सक्छ कि ऊ परोहितहरूसँग, धर्मशास्त्रीहरूसँग र विद्वानहरूसँग प्रश्न गरिरहेको थियो ? जब मरियमले उसलाई युसफको छोरो मनाउने प्रयास गरी (चेष्टा गरी) तब उसका परमेश्वरका वचन गल्तीलाई सुधार गऱ्यो, र उत्तर दियो "या तिमीलाई थाहा छैन कि मैले आफ्ना पिताको कार्यमा लागिरहनु छ।" त्यो वचन थियो, त्यो अलग गरिएको थियो। ऊ मात्र बाह्र वर्षीय बालक थिएन, अपितु परमेश्वर नै त्यस बालकको मुखद्वारा त्यस गल्तीलाई सुधार गर्नका लागि बोलिरहेका थिए, र परमेश्वरनै ठीक त्यसरी नै पृथकरण गरिरहेका थिए, जस्तो उनले सुरुमा गरेका थिए, उनी उज्यालोलाई अँध्यारोबाट, सत्यलाई असत्यबाट, जीवनलाई मृत्युबाट पृथक गरेका थिए। यही पृथकरण हो।

सर्वदा परमेश्वरको वचनको माग पूर्ण पृथकरण रहेको छ। येशूले भनेका थिए, "हरेक मानिसका कुरा झुठा र मेरो वचन साँचो ठहरियोस्।" सबै युगहरूमा ठीक यस्तै नै भएको छ।

परमेश्वरको वचन पृथककरण गरिरहेको छ। परमेश्वरले आफ्ना मानिसहरूलाई सधैँ नै अविश्वासबाट अलग गरेका छन्। उनले यस्तो आदि (सुरु) मा गरेका थिए र ठीक त्यस्तै नै आज पनि गरिरहेका छन्। प्रत्येक भविष्यदूतलाई अविश्वासबाट अलग गरिएको थियो...। उनीहरूसँग पनि यस्तो नै गरिएको थियो, किन कि परमेश्वर वचन उनीसँग आउँदथियो।

मलाई एक्किन छ कि मैले एक राती कतै सायद आइतबार अथवा गत राती पुरानो नियममा पाइने बाला 'भविष्यदर्शी' (Seer) शब्दको अर्थ बताइरहेको थिएँ। यसको अर्थ हुन्छ, "त्यो दिव्य मानिस जो भविष्यमा घटित हुनेवाला घटनाहरूको विषयमा बताउन सक्दछ।" र जुन कुरो ऊ घटी हुन्छ भनेर भन्दछ, तिनीहरू विना असफल घटित हुन्छ, तब परमेश्वर भन्दछन्, "तिमी यस मानिसको कुरा सुन या तिमी उसको डर मान, तिमी उसको कुरा सुन किन कि म उसको साथमा छु।" उससँग लिखित वचनको अर्थ बताउनका लागि दिव्य अनुवाद हुन्छ। उसलाई चिन्हका लागि यही उसको पहिचान पत्र हो कि ऊ परमेश्वरको भविष्यवक्ता हो र परमेश्वरको वचन उससँग आउँदछ। यो एकदमै सही कुरो हो।

अब तपाई यस पृथककरणमाथि ध्यान दिनुहोस्, वचनले नै यशैयालाई चर्चको दुनियाँबाट अलग गरेको थियो। बचनले नै मोसालाई गिर्जाको दुनियाँबाट अलग गरेको थियो। उसले सबै युगमा ती सबै महान भविष्यवक्ताहरूलाई चर्चको दुनियाँबाट अलग गरेको थियो, किन कि ती बचनले नै येशूलाई उसका भाइहरूबाट अलग गरेको थियो। वचनले चेलाहरूलई त्यसबखतका गिर्जाहरूबाट तथा त्यस बेलाका फारसीहरू व सिद्धकियाबाट अलग गरेको थियो। वचनले नै ती धार्मिक

जनहरू, पवित्र जनहरूलाई, सज्जन व्यक्तिलाई व मनका दीन ( गरिब) व्यक्तिलाई, जोसँग येशूका जस्ता आत्माका फल छन्, चर्चबाट अलग गरेका छन्। परन्तु येशूका प्रमाणपत्र या विश्वासपत्र के थियो ? कि वचन उसको साथमा थियो र त्यस दिनलाई प्रतिज्ञा गरे वचन त्यसबाट प्रकट भइरहेको थियो। उसले भन्यो, "कसले (को) ममाथि दोष लगाउन सक्दछ ? तिमीहरूमध्ये को छौ, जसले यो भन्न सकोस् कि जुन मैले घटित हुने भनेर दावा गरेँ, त्यो घटित भएन ?".... किनकि त्यो एउटा शरीरमा स्वयं परमेश्वर थिए। उनले प्रदर्शिता गरेका थिए कि ऊ परमेश्वरको लागि अलग गरिएको गहवायी हो। जब परमेश्वरले अब्राहीमलाई पचहत्तर वर्षीय अवस्थामा बोलाए, त्यसबेला ऊ पनि संसारबाट पृथक गरिएको व्यक्ति थियो ("तँ आफ्नो जन्मभूमि र सबै प्रकारको अविश्वासलाई त्यागेर त्यस देशमा जा, जसमा। तँ आफ्ना मानिससँग भेट, जसलाई तैंले पहिले कहिले चिनेको छैन। तँ आफ्ना विश्वास विरोधी समस्त कुराहरूबाट बाहिर निस्किएर आइज, तँ आफ्ना विश्वास विरोधी समस्त वस्तुहरूबाट पृथक हो, किन कि तैंले परमेश्वरको लागि नाजीर हुनुछ।" किन कि ऊ प्रतिज्ञा गरिएको पुत्रको कवोल लाई थामिराखेको थियो, अतः उसले आफ्ना पिता, माता र जन्मभूमिबाट अलग हुनु नै थियो। उसलाई कसले अलग गरेको थियो ? ऊ यसैकारण अलग थियो। ऊ एउटा भलो व्यक्ति थियो, परन्तु ऊ त यसैकारण अलग भएको थियो, किन कि उसले विश्वास गरेको थियो कि परमेश्वरले उससँग जुन कुराको प्रतिज्ञा गरेको छ, ऊ त्यसलाई पूरा गर्नमा पनि सामर्थी छ।

र, यसको बीस वर्षपछि पनि अब्राहीमकहाँ पुत्र उत्पन्न भएन। र, जब सारा नब्बे वर्ष र अब्राम म सय वर्षको थियो,

तब परमेश्वरको दूत (Angel) उससँग आयो। येशूले पनि अन्तका दिनहरूमा ठीक यस्तो नै घटित हुने वाला (भएको) उल्लेख गरेका छन्। परमेश्वर मानवीय देहमा अब्राहीमको अगाडि बसे र उससँग कुराकानी गरे। सारा त्यसबखत लगभग सय वर्ष कि स्त्री थिई, र ऊ उसको पछाडि एउटा तम्बु (पाला) मा बसेर हाँसी किन कि परमेश्वरको दूतले भनेको थियो, "म प्रतिज्ञा गरिएको वचनको अनुसार तिमी भएको ठाउँमा फेरि आउने छु।"

र, यसमा सारा यो भन्न थाली, "म त बूढी हुँ, र मेरो पति पनि बूढो छ, भने के मलाई यो सुख प्राप्त होला।"

र यस पुरुषले जो कि एउटा शरीरमा परमेश्वर थियो, उसले भन्यो, "सारा तम्बूमा किन हाँसी ?" तब सारा डरले म हाँसेको होइन भनी। परन्तु उसले सारासँग भनी, "अँ तँ हाँसे कि त थिइस्।" यो सुनेर सारा आफ्नो हृदयमा यसकारण हाँसेकी थिई, न कि उसले विश्वास गरेकी थिइन कि यो सत्य पनि हुन सक्द थियो।

अब ध्यान दिऊँ, येशूले भनेका थिए कि यस्तो फेरि हुनेछ जस्तो सादोम (लूत) का दिनहरूमा भएको थियो, त्यस्तै नै मानिसको पुत्र आउने दिनहरूमा पनि हुनेछ।" फेरि पनि परमेश्वरको आत्मा विनासी देहमा प्रकट हुनेछ। त्यो पुरुष जो मनुष्यको रुपमा आएका परमेश्वरले मानवीय शरीरमा बाछाको मासु र गाईको दुध खाएका थिए, मख्खन (नौनी) र रोटी खाएको थियो। यो पवित्र आत्मा नै थियो- यो केवल एउटा नै परमेश्वर हो, जो स्वयम्लाई प्रकट गरिरहेको छ र अब्राहीमलाई लूतसँग फेरि अलग गरिरहेको छ।

लूत दुनियावि वस्तुहरूको अभिलाषा राख्द थियो। र परमेश्वरले नै लूतको दुनियाँलाई लूतलाई अब्राहीमबाट अलग गरेको थियो। लूत दुनियावि विश्वासीको तस्वीर थियो, जसले ती कुराहरूलाई साँचो मानेको थियो। ऊ सादोममा गएको थियो। वास्तवमा उससँग समझ थिएन कि ऊ त्यहाँबट बाहिर निस्कने थियो र सहीको सही र गलतलाई गलत भन्न सकोस्। अतः ऊ त्यहाँ गयो।

जसरी तपाईको गोजीमा खुजुरा पैसा थुप्रै पाइन्छ त्यसतै नै यी सबै विश्वासी परमेश्वरको हातमा पाइने गरिन्छ। जब तपाईं आफ्नो गोजीभित्रबाट पैसाको पोको निकाल्नुहुन्छ भने एक पेन्स, पाँच सेट, दश सेन्ट, पच्चीस सेन्ट, आधा डलर आदिका सिक्काहरू हुन्छन्। त्यसरी नै यो संसार परमेश्वरको हातमा हुन्छ। केही मानिस त यस्ता छन्, जसको किमत परमेश्वरको लागि एक पेन्स जस्तो हुन्छ र परमेश्वर तिनलाई एक पेन्सकै रुपमा नै उपयोग गर्दछन्। परन्तु यी सबै सिक्काबाट किनबेच गर्न सकिन्छ। तपाई त्यसलाई तिरस्कार नगर्नुहोस्। यदि उनीहरू वास्तविक सत्यलाई विश्वास गर्न सक्नुहुन्न भने तपाई उनीहरूको निन्दा पनि नगर्नुहोस्, तिनीहरूलाई बाहिर फ्याँक्नुहोस् र उनीहरूलाई यो पनि नभन्नुहोस् कि तपाई यस विश्वासमा हुनुहुन्न किन कि परमेश्वर कहिले-कहिले यी शिक्काहरूलाई पनि उपयोग गरिदिन्छन्।

लूत त केवल पेन्स मूल्यको सिक्का थियो, परन्तु अब्राहीम चाँदीको डलर थियो। अतः अब्राहीमलाई निर्माण गर्नमा सय लूत लिइएका विश्वासीका सम्मुख जुनसुकै बेला पनि उभिन सक्दछ, जो दुनियाँवि वस्तुहरूबाट पृथक भएर मसिह येशूमा बाँचिरहेको छ तथा वचन त्यसभित्रबाट प्रकट भइरहेको हुन्छ।

लूत त केवल मात्र एक पेन्स मूल्यको सिक्का थियो, परन्तु अब्राहीम चाँदीको डलर थियो। अतः एउटा अब्राहमलाई निर्माण गर्नका लागि सय लूत लिइएको थियो। अतः यसैप्रकार... एक सय दुनियाँवि विश्वासी पनि त्यस विशुद्ध विश्वासीको अगाडि जुनसुकै बेला पनि उभिन सक्दछन्, जो दुनियाँवि वस्तुबाट पृथक भएर मसिह येशूमा बाँचिरहेका छन् तथा वचन त्यसभित्रबाट प्रकट भइरहेको हुन्छ।

जति पनि सिक्का परमेश्वरसँग हुन्छन्, उति सबै शिक्काहरूलाई उपयोग गर्न सक्दछ। र यही कारण हो कि तपाईहरूलाई यो भन्दै गरेको देख्दछौं, "म चंगाईमा विश्वास गर्दिन, म यी कुराहरूमा विश्वास गर्दिन। परन्तु तपाई केवल यो थाहा पाउनुहोस् कि उनीहरू मात्र एक पेन्सका किमत (मूल्य) का सिक्का हुन्। तपाई तिनलाई त्यतिकै छाडिदिनुहोस्। के तपाईले बुझ्नुभयो ? तिनको किमत मात्र एक पेन्सको छ र त्यसबाट खरीदारी गर्न सक्दछ। उसलाई नरोक्नुस, त्यसलाई एक्लै छाडिदिनुहोस्। याद रहोस् कि ऊ अगाडि बढ्द सक्दछ।

म यी सबै कुराहरू यति कठोरतापूर्वक बोलन चाहँदैनथिए, जस्तो कठोरतापूर्वक मैले उनीहरूलाई भनेको छु। देख्यौ ? मेरो तात्पर्य त यो थियो कि यदि ऊ केवल यति भनोस्, "ठीक छ, म अमूक अमूक छु, र हामी पनि यसलाई विश्वास गर्दछु।

यो त मात्रा एक पेन्स हो, तपाई उनीहरूलाई भन्नुहोस्, "ठीक छ, मेरा भाइ परमेश्वर तपाईलाई आशिषित गरुन्।" तपाई यो सम्झनुहोस् कि त्यो ताँवा हो र त्यो कहिल्यै चाँदी बन्न सक्दै सक्दैन। अतः तपाई त्यसलाई जानदिनुहोस्। परमेश्वर त्यसलाई उपयोग गर्न सक्दछ। ओ हो, परमेश्वर त्यसलाई उपयोग गरिरहेको छ। म उनीहरूलाई बाररुमको .....

मा उभिएको देख्नुको सट्टा चर्चहरूमा उभिरहेको देख्दछु । के तपाई यस्तो देख्नुहुन्न । वास्तवमा तपाई पनि यो देख्नुहुन्छ होला । अतः यसलाई यही नै छोडिदिनुहोस् । परमेश्वर उसलाई कुनै पनि प्रकारले उपयोग गर्न सक्दछ, परमेश्वर तिनलाई सारै धेरै उपयोग नगरुन्, परन्तु परमेश्वर र जसलाई उपयोग गर्न सकदछन्, तिनलाई उपयोग अवश्य नै गर्ने छन् । र जब उनीहरू परमेश्वरलाई आफूलाई उपयोग गर्न दिन्छन्, परमेश्वर तिनीहरूलाई उपयोग गर्दछन् । अतः यसप्रकारले केही गर्नु, यसलाई भद्र तरिकाले आफ्नो विचारलाई उपयोग गर्नुपर्ने छ । परन्तु म... आशा गर्दछु कि तपाईले त्यस सत्यलाई बुझ्नु भइसकेको छ, जुन यस कुरामा म बुझ्न चाहन्थे- म आशा गर्दछु कि तपाईले यी सबै कुराको अर्थ बुझिसक्नुभएको होला ।

जो हृदयको गुप्त भेदहरू प्रकट हुनु र यी दिनहरूका लागि गरिएको परमेश्वरको प्रतिज्ञाप्रति विश्वास गर्दैन । ती फसिहरू पनि त्यसबखत यसो गर्न सकेका थिएन । उनीहरू येशूलाई जो कि स्वयं परमेश्वर थिए, चिन्न सकेका थिएनन् । ओ हो, होइन-होइन त मानिस भएर आफूलाई परमेश्वर बताउँदछन् ( भन्दछस् ।" एकदिन जब येशू रोटीहरू व माछाहरूलाई उनीहरूको लागि गुणित गरेपछि त्यहाँ उभिएका थिए, तब उनले उनीहरूसँग भने, "म तिमीसँग साँचो-साँचो भन्दछु जबसम्म मानिसको पुत्रको मासु खाँदैनौं र उसको रगत पिउँदैनौं तिमीमा जीवन छैन ।"

म कल्पना गर्न सक्दछु कि उसका पछाडि हिँड्ने भीड यो भन्दै फर्किएर आए "यो मानिस हामीसँग यो उमेद गर्दछ कि हामी आदम खोर हौं र मानिसको मासु खान सक्दछौं ? ओ हो, यो त सनकी पन हो ।"

यो सबै उसले भनेको थियो। बुझ्यौ ? परन्तु आत्मिक ज्ञान.... हुन सक्दछ, उसका यी चेलाहरू पनि यो सम्झिन नसकेका हुन्, उनीहरू यी सबै कुराहरूको ठीक-ठीक अर्थ पनि थाहा नपाएका हुन्, परन्तु उनीहरूले यसलाई त्यही हालतमा विश्वास गरेका थियो। यो समझ उनीहरूसँग कहाँबाट आएको थियो ? यो समझ उनीहरूमा यसबाट आएको थियो कि उनीहरूले येशूलाई परमेश्वरको पुत्र सम्झेका थिए।

हुन सक्दछ छ कि म यहाँनिर यी सबै कुरालाई बुझ्नमा सक्षम नहौंला, परन्तु म विश्वास गर्दछु कि यो परमेश्वरको वचन हो र जे जति परमेश्वरको वचनको विपरीत छ, त्यसबाट म अलग्गै रहन चाहन्छु र मैले सधैं नै यस्तो गर्ने प्रयत्न गरेको छु।

अब तपाई यी सत्तरी चेलाहरूमाथि ध्यान दिनुहोस्, जसलाई येशूले बोलाएका थिए। एक दिन जब येशू उनीहरूसँग उभिएर कुरा गरिरहेका थिएँ, तब उनले उनीहरूसँग भनेका थिए, "मानिसको पुत्र स्वर्गबाट आएका हुन्, र उसलाई स्वर्गमा नै उठाएर लगिनेछ।

उनीहरूले भने, "के हामी यस मानिसलाई चिन्दैनौं ? जहाँ यो जन्मिएको थियो। हामी त्यस ठाउँलाई पनि चिन्दछौं। उसकी आमा, मरियमलाई पनि चिन्दछौं। हामी यसको भाइलाई पनि चिन्दछौं.... भने यो किन यसो भनिरहेको छ... मानिसको पुत्र स्वर्गबाट आयो र फर्किएर स्वर्ग नै जाने छ। यो त बेमतलवसँग आएको हो, अर्थात यो त बेमतलवमा जन्मिएको थियो। भने फेरि यो यसो किन भनिरहेको छ ? ओ हो, हामीलाई थाहा छ कि यस मानिसमा अवश्य नै कुनै न कुनै गडबडी पाइने गरिन्छ। के तपाईले बुझ्नुभयो ? येशूले उनीहरूसँग यो कुरो यस ढंगले भनेकी उनीहरू उससँग अरु थेरै बेर हिँडेन र फर्किएर फिर्ता गए।

परन्तु उसका ती चेलाहरू ऊसँगै त्यहीँ उभिरहे, देख्यौ ? उनीहरूले येशूलाई विश्वास गरेका थिए। उनीहरूले त्यस दिनका लागि प्रतिज्ञा गरिएका वचनलाई प्रमाणित हुँदै गरेको देखेका थिए। कसले रोटी लिएर त्यसबाट रोटीहरूको सृष्टि गर्न सक्द थियो, यस्तो त केवल परमेश्वर नै गर्न सक्द थिए.... र उनीहरूलाई थाहा थियो कि ऊ परमेश्वरको पुत्र हो। चाहे यो कुरो उनीहरूको लागि एउटा पहिले नै किन न भएको हवस् चाहे उनीहरूलाई यो कुरो समझमा आएको होस् या नहोस्, परन्तु उनीहरूले यसलाई हरहालतमा अनुकरण गरे, किन कि परमेश्वरको वचन प्रकट भयो। र ती वचन-विरोधी अन्य सबै कुराहरूबाट पृथक गरिएका थिए।

परमेश्वर हाम्रो सहयता गर हामीसँग पनि विश्वास छ। हामी विश्वास गर्दछौं कि यो पवित्रशास्त्र साँचो हो। हुन सक्दछ कि मसँग यति विश्वास नहोस् कि म यसका सबै कवोलहरू पूरा गर्न नसकौं, परन्तु म यसलाई हरहालतमा विश्वास गर्दछु।

युशुफलाई अकारण नै उसका भाइहरूबाट अलग गरियो... ऊसँग के समस्या थियो ? ऊ आफ्ना भाइहरूबाट अलग हुन चाहँदैन थियो। यो उसको इच्छा थिएन कि ऊ आफ्नो भाइहरूबाट अलग होस्, परन्तु उसका भाइहरूले नै स्वयंलाई उसबाट अलग गरेका थिए। बुझ्यौ ? उसको उज्ज्वल, चमकदार डलरको अगाडि उनीहरूको पेन्स टिक्न सकेनन्। उनीहरूलाई थाहा थियो कि ऊ कुलपति हो। उनीहरूलाई थाहा थियो कि इसहाक.... (मलाई क्षमा गर्नुहोस्)।

उनीहरूलाई थाहा थियो कि याकुव उनीहरूको पिता हुन्, उनीहरूलाई थाहा थियो कि यो सत्य हो। परन्तु युसुफ जन्मेको थियो... ऊ एउटा आत्मिकजन थियो। ऊ दर्शन देख्द थियो, ऊ

परमेश्वरको अर्थ बताउँदथियो र उसको द्वारा बताएका स्वप्न व दर्शन एकदम सही हुने गर्दथिए। जे जति पनि उसले भन्यो। यो रहस्य थिए। परन्तु उसको जेष्ठ या कुलपति भाइ उसको प्रति इर्स्याले भरिए र उसलाई मिस्रहरूलाई बेचिदिए। के तपाईले बुझ्नुभयो ? उनीहरूले स्वयंलाई युसुफबाट अलग गरेका थिएँ, किनकि उनीहरू मात्र पेन्स थिए। परन्तु युसुफ उनीहरू भन्दा भिन्न प्रकृतिको थियो। ठीक यस्तै नै आजका सच्चा विश्वासी पनि छन्। त्यो भिन्न प्रकृतिको हुन्छ। उनीहरूलाई स्वयंलाई उसबाट पृथक गरिलिन्छन्। उनीहरू यसलाई बुझ्दैनन्। तामा स्वयंलाई चाँदीबाट पृथक गराउँदछ।

अब हामी देख्दछौं कि युसुफको भाइ युसुफको प्रति इर्ष्याले भरिएका थिए र उनीहरूले उसलाई बेचिदिएका थिए किन, के आज उनीहरू ठीक यस्तो नै गर्दैनन्। यो वास्तवमा के थियो, उनीहरूले भनेका थिए कि उनीहरू.... यो इर्ष्याको कारणले नै भएको थियो। उनीहरू यस कार्यलाई अन्त गर्न चाहँदैन थिए किनकि उनीहरू युसुफ भन्दा भिन्दै प्रकृतिका बनेका थिए। उनीहरू युसुफसँग इर्ष्या गर्दथिए, किनकि उनीहरू मात्र पेन्स थिए, परन्तु युसुफ डालर थियो। र यसैकारण उनीहरू यसो गर्दथिए।

अब यदि पेन्ससँग भनौं, "खुदाको नाम मुवारक होस्। मेरा डालर भाइ जो उसले गर्दछ, म त्यसमा कुनै बदलाव ल्याउन सक्दिन, परन्तु म त्यही गर्दछु जो म गर्न सक्दछु... त्यसो भए हामी उनीलाई एक्लै हिंडन् दिऊँ। परमेश्वर नै यसको लागि आफ्ना कुनै योजना तय गर्नेछन्।

जस्तो कि मैले आइतबार तपाइहरूमा प्रचार गरेको थिए कि परमेश्वरको वचनको महान सुरसँग मया तराना भइरहेको छ,

कुनै पनि संगीतकारको जस्तो परमेश्वर नै यस सूसंगमका धूनहरूलाई व मिलन विन्दुहरूलाई परिवर्तित गरिराखेका छन्।। जन तपाई समयहरूको र युगहरूको बदलालाई हेर्नु भयो भने तपाई यस पत्रलाई अर्थात वचनलाई देख्नुभयो भने तपाईले थाहा पाउनु हुनेछ कि यहाँ के घटित हुनेवाला छ। उनीहरूले त यस्तो नै गर्नुछ, उनीहरूलाई यस्तो गर्नबाट रोक्नका लागि कुनै तरिका छँदैछैन।

यदि कुनै मानिस यस सूरसंगमलाई या संगीतलाई बुझ्दैन कि यो क्या हो भने उसको लागि यो एक मात्रा कोलाहल (हल्ला) मात्र हो। ऊ यसलाई बुझ्दैन। ऊ यसलाई सुन्नका लागि इच्छुक पनि छैन। ऊ त बस यहीं सोच्दछ, "म चाहन्छु कि उनीहरू यस धुनलाई बजाउन बन्द गरिदिउन् ताकि म घर फर्कि जाउँ" ऊ यसलाई सुन्नलाई इच्छुक हुँदैन, किन कि ऊ यस सूरसंगमलाई जान्दैन (चिन्दैन)। ऊ बेशक यसलाई जाँदैन, परन्तु रचियता यसलाई आदिदेखि लिएर अन्तसम्म जान्दछ (थाहा पाउँछ) के तपाईले बुझ्नु भयो ? र यदि निर्देशकमा पनि त्यही आत्मा नहोस्, जुन आत्मा रचियतामा पाइने गरिन्छ भने ऊ यसलाई भिन्न प्रकारबाट खरिद गर्न सक्दैन, किन कि ऊ त केवल चिन्हद्वारा नै स्वरित हुन्छ। र यदि चिन्ह नै यो प्रमाणित नगरोस् कि (गरेन भने) संगीतकार कसरी यसलाई बजाइरहेको छ भने यो स्वरित हुन सक्दैन। आमीन ! जी हजुर यस्तो नै हो।

यदि तुरहियाँ विचित्र प्रकारको आवाज स्वरित (स्वर) गऱ्यो भने कसले यो थाहा पाउँदछ कि युद्धका लागि तयार हुनुछ अथवा युद्ध मोर्चाबाट पछि हट्नुछ, अथवा के गर्नुछ ? तपाई वचनमा हेर्नुस् र हेर्नुस् कि तपाई कुन समयमा रहिरहनु भएको छ। तब तपाई यी पेन्सका सिक्काहरूलाई पनि देख्न सक्नुहुन्छ र तपाई

यो पनि देख्न सक्नुहुन्छ र तपाई यो पनि देख्न सक्नुहुन्छ कि यिनीहरू के गरिरहेका छन् । तब तपाई यो पनि देख्न सक्नुहुन्छ कि जो वचनबाट जगमगाइरहेका छन् । जसले वचन जान्दछ र वचन देखिरहेका छन्, उनीहरू यस चिन्हलाई घटित हुँदै गरेको पनि देखिरहेका छन् । यो यहाँ छ (भाइ ब्रानहम आफ्नो औलो ज्वरित गर्दछन् सम्पा.)

जस्तै कुवामा पानी भर्न आएकी साँवरी आइमाई ॥ जब येशूले उनीसँग भने, "जा आफ्नो पतिलाई यहाँ बोलाएर ले ।" स्त्रीले उनलाई उत्तर दिई, "म विना पतिको हुँ ।" येशूले उससँग भने, "तँ ठीक भन्दछेस तँ विना पतिको होस् । किन कि तैंले पाँचवटा पति (पाँच विवाह) गरिसकेकी छस् र जससँग तँ अहिले छस, त्यो पनि तेरो पति होइन ।"

येशूले उससँग भने, म त्यही हुँ । ओहो, तब त्यहाँ तुरुन्त नै सुरसंगम भिन्न आव्रितिको ध्वनिबाट उच्यो आवृत्तिको ध्वनिमा त्वरित (बज्न) थाल्यो । र, ऊ दौड्दै नगरमा गई र मानिसहरूसँग भन्न थाली, "आओ, एउटा मानसिलाई हेर, जसले मैले जे जति गरेँ, मलाई भनिदियो । के यही त त्यो मसिह होइन, जसको हामी प्रतिज्ञा गरिरहेका छौं ।" देख्यो, ऊ निश्चय नै त्यस संगीत पत्रको विषयमा थाहा पाइसकेकी थिई जुन त्यस सुरसंगममा बजिराखेको थियो, जसले विश्वासलाई अविश्वासबाट पृथक गरिरहेको थियो । विश्वास कुनै गिर्जाबाट होइन, अपितु विश्वास त परमेश्वरको वचनलाई सुन्नाले आउँदछ कि यो वचन के हो ?

ठीक यही कुरो आज देख्नमा आउँदछ । आज अनेकौं मानिस वरदानलाई हेर्दछन् । (बस यस सन्देशलाई समाप्त गर्नका लागि म मात्र पाँच मिनट अरु लिनेछु) मानिस वरदान ती

निहारद छन् (निगाल्दछन् । र उनीहरू विचार गर्दछन्, "ओहो, यो कति महान वस्तु हो र उनीहरू बरदानमा मिलावट गर्नका लागि चेष्टा गर्दछन् । तपाई यसो गर्न सक्नुहुन्न र न त तपाई एक पेन्सलाई पाँच सेन्टको सिक्का बनाउन सक्नुहुन्छ, र न त एक पेन्सलाई दश सेन्टको सिक्का बनाउन सक्नुहुन्छ । यो त पेन्सकै रहनेछ । यदि तपाई पेन्सको सिक्काको रुपमा आफ्नो पहिचान गर्नुहुन्छ र शेष स्वरीजसँग हिँड्नुहुन्छ भने परमेश्वर तपाईलाई उपयोग गर्न सक्दछन् । हुन सक्दछ, हामी सबै यसो गर्न सक्दैनौं होला.... ।

जब परमेश्वरले इस्रायलीहरूलाई मिश्रभित्रबाट निकालेका थिए त तिमीहरूमध्ये प्रत्येकलाई त्यो सबै थोक गर्नुपर्ने कुनै आवश्यकता थिएन, जुन मोसाले गरेको थियो । परन्तु उनीहरूले मोसाको कुरालाई विश्वास गरेका थिए । यो सही कुरो हो । उनीहरूले मोसाको कुरालाई विश्वास गरेका थिए । किनकि उनीहरूलाई थाहा थियो कि ऊ यसबेलाको चिन्ह थियो । परमेश्वरले नै यो प्रमाणित गरेका थिए कि, उसको वचन मोसासँग छ । उनीहरूले भने, "फिरौनसँग बल्लमव वरछा (तीर) भाला छन् ।

परमेश्वरले भने "मोसासँग मेरो वचन छन् ।" र यही उनको लागि पर्याप्त थियो । हुन सक्दछ, फिरौनसँग ठूलो शक्तिशाली फौज होस्, परन्तु मोसासँग परमेश्वरको वचन थियो, किन कि ऊ परमेश्वरको भविष्यवक्ता थियो र ती वचनहरूलाई प्रमाणित गरेको थियो । यो त केवल जीवित परमेश्वर नै थियो, जो भूमिको धूलोलाई माथि फ्याँकेर पिस्तुहरू या डाँसोलाई बनाउन सक्दथियो । एउटा मासिनले यस्तो गर्न नै सक्दैनथ्यो, यो त मात्र एक मानिस थियो जो त्यहाँ उभिएर यो भन्दथियो,

"भोलि यसै बेला यस्तो हुनेनै छ, र यस्तो नै परमेश्वर गर्दथिए। के तपाईले बुझ्नुभयो ? उनीहरूलाई थाहा थियो कि मोसासँग परमेश्वरको वचन छ। तब उनीहरूलाई यसको कुनै मतलव थिएन कि फिरौनसँग कति बल्लभ छ, अथवा कति काल कोठाहरू छन्, र इस्रायलीहरूको कति इटा अरु बनाउनुछ, परन्तु उनीहरूलाई थाहा थियो कि मोसासँग परमेश्वरको बचन छ। अतः उनीहरूले जंगलमा हिँड्न सुरु गरिदिए।

ऊ एउटा व्यक्ति थियो, जसको नाम दातान थियो, उसले मोसासँग भन्यो, "तिमीले धेरै गर्‍यौ, अब छाडिदेऊ। हामी सबै पवित्र जन हौं, अतः हामी सबैलाई त्यो सबै गर्नमा सक्षम हुनपर्दछ, जुन मोसाले गरेको थियो।

र मोसाले भन्यो, "प्रभु के गरुँ ?" र परमेश्वरले मुसासँग भने, "तँ त्यस मण्डलीको माझबाट अलग भई जा, तिनीहरूबाट टाढा होइजा।" र परमेश्वरले पृथ्वीको मुख खोली दिए र दातान र उसका सबै मानिसहरू निलिदिए। उसले उज्यालोलाई अँध्यारोबाट आफ्नो वचनको प्रकटीकरणको द्वारा अलग गरे। ऊ आज पनि त्यही परमेश्वर हो।

र अन्तमा म तपाईलाई बताउने छु कि गत राती म तपाईहरूलाई भनिरहेका थिएँ: जब म यहाँ पहिलो पटक आएँ.... यो कुनै व्यक्तिगत घटना होइन, यदि तपाई यस्तो सोच्नुहुन्छ, भने तपाई आफ्नो हृदयको पर्दालाई तल झार्नुहोस्। म त यो केवल ती मानिसहरूको लागि भनिरहेको छु जो विश्वास गर्दछन्। यो पहिलेदेखि नै भनिएको थियो कि यस युगमा के घटित हुने छ। (जस्तै गत रात्री तपाईले यी सबै कुराहरूको गवाही दिनुभयो, त्यस्तै नै आज पनि यो सबै कुराको गवाही हो) कस्तो प्रकारले हृदयको गुप्त भेद प्रकट गरेको प्रसंगलाई उपहास

उडाइँदैछ, र बचनमा मिलावट गर्नेवालामा मानिस कस्तो प्रकारसँग दूषित गरिरहेका छन्। र जस्तो भनिएको थियो, सबथोक त्यस्तै नै घटित भएको छ। तर अन्तिम घटना अति महान थियो, जसलाई घटित हुन अहिले बाँकी थियो। हामी यसको वर्षौंदेखि प्रतिज्ञा गरिरहेका थियौं। हामीलाई थाहा छ, जब पहिलो पटक यस्तो भयो तब तीन पटक सृष्टि अस्तित्व आयो, तब यस्तो चार पटक भयो। गत रात्री मैले तपाईलाई भनेको थिएँ कि यस्तो पाँच पटक घटित भयो। र, म प्रोटिस्टैन्ट चर्चका एउटै समुदायमा संगठित हवस् भने र प्रतिक्षा गरिरहेका थिएँ.... यही हो, त्यो जो म बिहीबार बिहान बोलन चाहन्छु। मेरो मतलव हो कि यस विषयमाथि म शनिबार बिहान बोल्न चाहन्छु। के तपाईले बुझ्नुभयो ? जुनसुकै बेला यी दुवै (विश्व चर्चसँग र प्रोटिस्टेन्ट चर्च) एउटा हुन्छ भने, परमेश्वरको आत्मा सर्वदा नै यसको विरुद्धमा उभिने गर्दछ।

आज राती यहाँ एउटा व्यक्ति बसेको छ, जो यस घटनाको गवाह (साक्षी) हो। यो पछिल्लो वर्षको गिर्जा भन्दा पहिले धेरै दिन भएको छैन, जब म कोलारोडामा थिएँ। म त्यहाँ शिकार खेल्न जाने गर्दछु। तर... प्रायजसो म त्यहाँ आफ्नो विवाहको वर्षगाँठमा जाने गर्दछु। मैले आफ्नो नोकरीको दौरान कमाएको पाँच सेन्टको सबै सिक्काहरू जम्मा गरेर राखेको थिएँ ताकि बेकिक पाउडर व अन्य सबै सामग्री किन्न सकियोस्। जब मेरो र मेरी पत्नीको विवाह भयो त्यसबेला यति पैसा थिएन (चाहिने) पैसा थिएन कि म आफ्नी पत्नीलाई हनिमुनको लागि लैजान सकुँ। अतः मैले यी दुवैलाई मिलाई जुलाई (मिल्दोजुल्दो) कार्यक्रम बनाएँ, मैले आफ्नी श्रीमतीलाई हनिमुनको निम्ति शिकार (Hunting Trip) मा लिएर गएँ। र त्यतिबेलादेखि यस्तै

गर्दछु, त्यसैबेलादेखि म मेरो विवाहको वर्षगाँठको अवसरमा यहाँ नभएर सधैं कोलराडोमा हुनेगर्छु। यस पटक पनि म कोलोराडोमा थिएँ।

गत रात्री मैले यहाँ दुइटा सेवकहरूलाइ देखेको थिएँ, जो मसँगै त्यहाँ शिकार क्याम्पमा थियो। मैले अलाशकाबाट तल आउनुथियो। उनीसँग शिकारमा भेट्नु थियो। ऊ मार्टिन बाँयस थियो। गत राती ऊ यहाँ थियो। ऊ... यहाँ-त्यहाँ पछाडि बसेको थियो। र, ऊ एउटा सानो केटो थियो.... जसको नाम मैले बिर्सिएको छु... ऊ त्यहाँ बसेको थियो... के तपाईं त्यहाँ हुनुहुन्थ्यो। सोनी ? ठीक छ। र हुन सक्दछ..... के भाइ पलभर यहाँ छ ?.... र हामी त्यहाँ पहाड (डाँडामाथि) थियौं। म कोलोराडोमा जाने गर्छु मैले त्यहाँ कयौं वर्ष शिकार गरेको छु।

र प्रत्येक पटक हाम्रो विवाह गाँठ २३ अक्टुबरमा आउँदछ ( पर्दछ)। त्यहाँ रडिरोन्डक पहाडहरूमा एउटा सानो ठाउँछ, जहाँ मैले हनिमुनको लागि आफ्नी पत्नीलाई लगेको थिएँ। त्यो ठाउँ पनि एकदमै यही ठाउँ जस्तो छ। परन्तु त्यहाँ थरथराएका एस्पनका रुखहरू र साना-साना बुट्यानहरू राम्रा छालावाला जंगली वृक्ष या भोज वृक्ष थिए। र २३ अक्टुबरमा म त्यहाँ पूरा देश दिनभरि घुमिरहन्छु र आफ्नो टोपीलाई झिकेर आफ्नी असल व वफादार पत्नीको लागि परमेश्वरलाई धन्यवाद दिन्छु कि ऊ यी सबै वर्षभरि मप्रति बफादार र उदार छिन्, र पवित्रशास्त्रलाई प्रचार गर्नमा उसले मेरो सहायता गरेकी छ।

र यसपटक कोलोराडोमा भयंकर शुष्क मौसम थियो, जस्तो कि यसप्रकारको मौसम पूरा देशभरि नै रहेको छ। र म विचार गर्दछु, हामी भन्दा मास्तिरतिर पहाडमा लगभग दुई सय मानिस थिए- मलाई क्षमा गर्नुहोस्, हाम्रा शिकारी खेमा भन्दा माथि

लगभग सय अरु मानिस थिए, र उनीहरू चार या पाँच दिनदेखि शिकार खेलिरहेका छन् । म कैयौं वर्षदेखि हरिनको शिकार गर्दै आएको छु । मैले त्यहाँ एउटा हरिनमाथि गोली चलाएँ र बाक्लो कुहिरोको कारण उसलाई मैले भेट्टाउन सकिन । म त्यस दिन त्यसै हरिनलाई शिकार गर्ने चक्करमा लागिरहें । र अघिल्लो दिन फोनमा यो खबर मिल्यो या रेडियोमा प्रसारित भयो, "वर्फिलो आँधी आइरहेको छ, र हुन सक्छ कि रातभरिमा यी पहाडहरूमा बीस फिट अग्लो बरफ जम्न जाओस् ।

अत: मैले भाइसँग भनें..... मैले भाइहरूलाई बोलाएँ, ( त्यहाँ मार्टिन बाँयस पनि थियो) र मैले उनीसँग भने, "भाइहरू तपाईहरूले सुन्नु भएको छ रेडियोमा भनिएको छ । अब यदि तपाईहरू यहाँबाट बाहिर निस्कन चाहनुहुन्छ भने, राम्रो यही हुन्छ कि तुरुन्त यहाँबाट बाहिर निस्कनुहोस् अन्यथा सारै ढिलो हुनेछ किन निस्कनु भएन भने एक हप्तासम्म यहाँ बस्नुपर्ने हुन सक्छ । मैले त यहाँबाट निस्किहाँल्नुपर्छ किन कि मैले त आउँदो सोमबार फुल गोस्पल विजन्समैन-क्रिष्चियन विजनैस मैनका पादरीहरूसँग टक्सानमा हुनेवाला सभामा भाग लिनुछ । तापनि तपाईहरूको इच्छा हो, यदि सबै मानिस यहाँ बस्न नै चाहनुहुन्छ भने म पनि तपाईहरूसँग यहीं बस्छु किन कि म तपाईहरूको गाइड हुँ ।

र तिनीहरू सबैले मत दिए, "हामीहरू यही बस्नेछौं ।"

मार्टिन वायससँग मन्द गति या तीव्र गतिको ट्रक थियो । ती सबैसँग.... हामीसँग अरु हरिन भएका थिए, हामीले केही अरु हरिनको शिकार गरेका थियौं । हामीले तिनलाई मार्टिन बाएसलाई तथा ती मानिसहरूलाई दियौं र उनीहरू बाहिर गए । अत..... उनीहरू आज राति यस घटनाका साक्षी छन् ।

र अघिल्लो दिन मैले सोचेँ, "ठीक छ....।" र त्यस दिन वरफ झरेन र उनीहरू शिकार खेल्नका लागि बाहिर निस्किए। मैले उनीहरूसँग भने, "यदि हामी वरफ खस्नुभन्दा पहिले नै त्यहाँ माथि टेन्टमा पुग्यौं भने भोलि म तल आउनेछु र आफ्नी पत्नीलाई टेलिफोनमा बोलाएर उसलाई भन्ने छु कि तिमीजस्तो असल पत्नीको लागि म धन्यवादित छु। यो हाम्रो विवाहको वर्षगाँठ थियो। र म तल गएँ, परन्तु उसलाई टेलिफोनमा बोलाउन सकिन। म फर्किएर गएँ। र त्यसबखत शहरमा प्रत्येक व्यक्ति त्यस बर्फिलो तुफानको सामना गर्नका लागि तयारी गरिरहेका थिए। एउटा ठूलो बर्फिलो तुफान (हुरी) आउने वाला थियो। र अखबारहरूमा भनिएको थियो कि त्यस रात्री कोलोरोडोमा कमसे कम विसफिट वर्फ खस्न सक्दछ।

आज राती भाइ सिम्पसन पनि यहाँ कतै बसेका छन्, या उनी यहाँ बसेको हुनुपर्ने। उनी त्यसबेला क्यानाडामा थिए, उनी सडकमा थिए र अनि कोलोरोडा वाइपासबाट गुजारे .... उनले भाई सिम्पसनलाई बताए, "कोलोरोडा वाइपासमा भयंकर वर्फिलो आँधी आउने वाला छ।" भाइ सिम्पसन् के तपाई यहाँ हुनुहुन्छ ? तपाईकहाँ बस्नुभएको छ ? उनी त्यहाँ बसिराखेका छन् र उनले भाइलाई बताए, कोलोरोडा वाइपासमा भयंकर बर्फिलो आँधी आउनेवाला छ।"

जब म आफ्नी पत्नीसँग कुरा गर्न फोनमा पुगें, मैले उससँग कुरा गर्न पाएको थिइन, अतः मैले बहिनी इवान्सलाई.... भाइ कि पत्नीलाई फोनमा बोलाएँ म सम्झिराखेको छुइन कि भाइ इवान्स आज राती यहाँ छ। भाइ इवान्स के तपाई यहाँ हुनुहुन्छ ? म भन्न सक्दिन कि उनी यहाँ पुगेका होलान् भनेर ? हुन सक्दछ कि उनी यहाँ कैनवन्सनको समयमा होउन्। अतः

मैले उनकी पत्नालाई फोन गरैं र उनलाई भने, "मैले आफ्नी पत्नीलाई फोन दिए, परन्तु मैले उनीसँग कुराकानी गर्न पाइन, किन कि उनी पसल गएकी थिइन। तपाइँ मेरी पत्नीलाई भनिदिनुस कि ती भाइ टोनो स्टोमीलाई जो कि पुरोहितहरूको संघको सभाको सभापति छन्। उनलाई यो बताइदेओस् कि यदि आइतबार म त्यहाँ पुग्न सकिन, भने उनले कुनै वक्तालाई पहिले नै तयार राखुन्, किन कि हुन सक्दछ म यहाँबाट कुनै पनि हालतमा बाहिर निस्कन नसकौं। यहाँ यिनीहरूसँग छु।"

त यसपछि के घटित भयो ? त्यस राती वरफ त खसेन, तर अघिल्लो बिहान बादल वास्तवमा मन्द व क्रुद्ध थिए। मैले भाइहरू सँग भने, "भाइहरू मैले कयौं वर्ष मबेसी चराएको छु, र गाइडको काम गरेको छु। र जतिखेर वरफ खसद छ, तपाई जति छिटो हुन सक्दछ, आफ्नो केम्पमा जानुस् 'कारण' मैले त्यो बेलादेखि सकेको छ, अब तपाई पन्ध्र मिनटभित्र आफ्ना हातहरूलाई पनि दुई या तीन दिनसम्म देख्न सक्नुहुन्न (किन कि यी वर्फिला तुफान आएपछि अत्याधिक अन्धकार छाउँदछ) यहाँ आउनेवाला वर्फिला आँधी घुमाउरा व ९,००० फिट अग्ला हुन्छन्। र मैले उनीहरूलाई भने, यदि तपाईहरू यस वर्फिला आँधीमा घेरिनुभयो भने तपाईहरू नष्ट भई जानु हुनेछ, र तपाईलाई यही यिनै पहाडहरूमा मर्नु हुनेछ। अब हामी बाहिर जानेछौं.....।" म प्रत्येकलाई शिकारी कैम्पमा राखेर (व सायर) म माथि डाँडामा गए। र मैले उनीहरूसँग भने, "यदि म फर्किएर आइन.... भने तपाईहरू मभित्र आउँछ भनेर नपर्खनुस्, परन्तु जतिखेर पानीको पहिलो थोप्लो खस्दछ, तपाईहरू तुरुन्त नै कैम्पभित्र पस्नुस्, किन कि यदि तपाई यसो गर्नुहुन्न भने तपाई

आफ्नो बाटो भुल्नुहुनेछ र बाटो भेट्टाउनु हुने छैन। उनीहरूले भने यस्तै गर्ने छौं।

ममाथि डाँडामा चडे। र त्यहाँ उत्तरी अमेरिकामा पाइने वाला खास किसिमका भेडियाहरू (बाँखाहरू कस्सि-कस्सि) कराइरहेका थिएँ। मलाई थाहा थियो कि मौसम बदलिने वाला छ। त्यसैबेला एकाएक हावाको एउटा जोडदार धमका आयो र वरफ सँगसँगै पानी पर्न थाल्यो। मैले भने, "मेरो अन्दाज छ कि उनीहरू सबै टैन्टमा गए, मैले उभिएर चारैतिर हेरैं, मैले सोचैं यो भन्दा पहिले नै म फर्किएर जाउँ, म चाहन्छु कि त्यो हरिन ( जसलाई भाई ब्रन्हमले गोली हानेको थिएँ) म भेट्टाउँ, कि न कि बरफले त्यसलाई छोप्नेछ र वसन्त ॠतु न आउन्ज्याल त्यो देखिने छैन।" मैले विचार गरैं, कि मैले त्यस हरिनमाथि कसिएर प्रहार गरेको थिएँ र यो पहिले यस्तो हरिन थियो जसलाई मैले गोली हानेपछि पनि प्राप्त गर्न सकेको थिइन। जहिलेदेखि मैले आफ्नो सानो राइफल किनेको छु- मैले यसबाट पचपन्न शिकार गरिसकेको छु।" मलाई त्यस हरिनले यसप्रकारले भागेकोमा एकदमै राम्रो लागेन।

र, एकछिनपछि नै हिउँका ठूलठूला डल्ला खस्नथाले, जुन लगभग पाँचभरका देखिरहेका थिए। ती बरफका डल्ला सबैतिर खसिरहेका थिए र प्रचण्ड हुरी पनि चल्न थाल्यो। परन्तु मलाई थाहा थियो कि मैले त्यसै पहाडमाथि बसिरहनुपर्ने छ। यदि म यहाँबाट कुनै प्रकारले तल पुगें र पहाडको कुनै काटिएको ? या कटावसँग ठोकिई, भने मैले पहाडको कटावको सहारा ( सहायताले) लड्दै तबसम्म तल जानुछ, जबसम्म म सेतुका साना आधारसँग नठोकिउँ र तब म अनुभव गर्न सक्दछु कि अब

म त्यस मार्गमाथि छु, जहाँ हाम्रो क्याम्प छ र त्यहाँबाट बाहिर निस्कनलाई बस यही मात्र तरिका थियो। अतः मैले यो सोचें।

अतः मैले त्यस पहाडबाट तल झर्न सुरु गरें- मेरो अनुमान छ कि म त्यस पहाडबाट लगभग तीन या चार सय गज तल ओर्लिएको थिएँ। त्यसबखत म लगभग दौडिरहेको थिएँ र त्यहाँबाट बाहिर निस्कने प्रयत्न गरिरहेको थिएँ, "र मैले लगभग फिटको दुरीमा आफ्नो अगाडि झाडीहरूमा देखें कि म इमारती काठहरूको माझमा छु र त्यहाँ प्रचण्ड आँधी चलिरहेको थियो तथा वायु ताण्डव गरिरहेको थियो। र, त्यसैबेला एउटा विचित्र आवाज मैले सुनें। यहाँ बाइबल मेरो अगाडि राखिएको छ र मेरा यी सबै कुराको रेकर्ड स्वर्गीय पितासँग एकत्र भइराखेको छ। त्यस आवाजले मसँग भन्यो, "रोकिई ! तिमी जहाँबाट आएका छौ, फर्किएर त्यहीं जाऊ।"

र तब म त्यहाँ गएँ। मैले सोचें, "हुनसक्छ कि यो प्रचण्ड आँधीको आवाज नै हो।" म यस्तो केही पनि सोचिराखेको थिइनँ। मैले एकछिन प्रतिक्षा गरें। र, त्यसबखत मलाई साह्रै कसिएर भोक पनि लागिरहेको थियो, अतः मैले सैण्डविच निकालें। एउटा केटाले मेरो लागि यस सैण्डविचको व्याख्या गरिरहेको थियो। त्यो वास्तवमा साह्रै राम्रो सैण्डविच थियो। यो सैण्डविच वैडोको माझमा राखिएको गोस्ट (मासु) जस्तो थियो। त्यसबेला म वर्षा र पसिनाले भिजी पनि राखेको थिएँ। मलाई त्यस बेला भोक लागिरहेको थियो। अतः म सैण्डविचलाई हरहालतमा खान चाहन्थें। म त्यहीं उभिएको थिएँ, मैले त्यस सैण्डविचसँग बेरिएको कागजलाई निकालेर त्यही माटामा गाडिदिएँ। किनकि.... यदि जानवरले यी सबै वस्तुहरूलाई देखेर यदि कुनै पनि उनीहरूलाई सम्म जस्तो वस्तु देखियो भने

उनीहरू त्यसलाई पाउनको लागि पछाडि दौडनेछन् । म त्यहाँ के बेरसम्म उभिइरहें र फेरि मैले सोचें, "ठीक छ, अब म अगाडि बढ्दछु ।"

र, जसरी नै म अगाडि बढ्न सुरु गरें भने जसरी स्पष्ट आवाज तपाईं मेरो सुन्नुहुन्छ, त्यसरी नै स्पष्ट आवाजले मलाई भन्यो, पछाडि घुम र जहाँबाट तिमी आएका छौ, फर्किएर त्यहीं जाऊ ।" मैले सोचें कि यो खुदा कसरी हुनसक्दछ, जसले मलाई त्यस मृत्युको मुखमा जानको लागि भनिरहेको छ ?

म त्यहाँ एक मिनेटको लागि उभिइरहें र मैले सोचें, "यो त त्यही आवाज हो, जसले मसँग ती तिलहरीहरूको लागि भनेको थिएँ । यो त्यही आवाज थियो जसको विषयमा तपाईंलाई मैले गत राति भनेको थिएँ कि यस आवाजले मलाई मेरी पत्नीको विषयमा बताएको थियो ।" - यो आवाज एकदमै मानवीय आवाज जस्तै नै थियो । यो आवाज त्यही थियो, जसले जब म बालक नै थिएँ, तब मसँग कहिले रक्सी नपिउन, धुम्रपान नगर्नको लागि भनेको थियो, तथा मलाई भनेको थियो कि यो सबै घटना अन्तको बेलामा हुनेछ (घटिन हुनेछ) प्रभु ... यो पवित्र शास्त्र मेरो हृदयको माथि छ..... र मलाई यसले के लाभ हुनेछ कि म तपाईंलाई झूठो बताउँ, जबकि मलाई यो थाहा छ कि म यसो गरेर आफ्नो नै आत्मालाई नरक पुऱ्याइदिउँला ।" यो सत्य हो । यो विचित्र किन्तु सत्य हो ।

मैले सोचें, "ठीक छ, म यस आवाजलाई पर्याप्त अनुकरण गर्न चाहन्छु । म किन .... मलाई त्यहाँ माथि पहाडमा पठाउनमा त्यस आवाजको कुनै न कुनै उद्देश्य होला । हुनसक्छ, यो मेरो जाने समय हो ।" अतः म पछाडिको तर्फ फर्किईं र जंगलै जंगल हुँदै सिधा-सिधा तबसम्म हिँडिरहें, जबसम्म कि म त्यस टाकुरामा

पुगिन । हुनसक्दछ कि म त्यस पहाडमा लगभग तीन या चार सय गजसम्म सिधा-सिधा हिँड्दै रहेको छु । त्यहाँ त्यो बर्फिलो तुफान यति बाक्लो थियो कि म केही पनि देख्न सक्दैन थिएँ र हावा र रुखहरू कसिई कसिई हल्लिइरहेका थिए.... र मैले आफ्नो राइफल लिएँ (त्यस बेला मैले रातो कमिज र रातो टोपी लगाएको थिएँ) मैले आफ्नो राइफललाई यस्तो प्रकारले तलतिर उठाएको थिएँ कि धुवाँको सम्भावना त्यसमा नरहोस् (रहन नसकोस्) किनकि कुनै कुनै बेलामा लु या जंगली जनावर र यहाँसम्म कि सिंह पनि त्यस धुवाँबाट आकर्षित भएर धुवाँतिर दौडिएर आउँदछन् । यदि म कुनै जनावरको पछाडि दौडन्छु भने धुवाँ फैलने सम्भावना बढ्दछ... अतः मैले राइफललाई यस प्रकारले तलतिर राखें ताकि त्यसको धुवाँ तलतिर नै निस्कियोस् र यसलाई कुहिरो र बरफको ढिकासँग पनि बचाइन सकियोस् र फेरि म एउटा रुखमुनि बसें ।

म त्यहाँ बसेको थिएँ । मैले विचार गरें "भला उ मलाई यहाँ किन बोलाउन चाहन्थ्यो ? मलाई साह्रै सन्देह थियो कि अब उ तल जाने बाटो खोज्न सकुँ, म साह्रै भयभित भइरहेको थिएँ ।" तब त्यहाँ बसेर लगभग दश या पन्ध्र फिट टाढासम्म देख्न सक्दथिएँ । हुनसक्छ योभन्दा टाढा म केही पनि देख्न सक्दिन होला । कहिलेकाहीं त म पाँच फिटसम्म मात्रै देख्न सक्दछु र हरेक पटक धमिलो नै देखिन्थ्यो । तब मैले विचार गरें, ठीक छ, उनले मसँग फर्किएर जानको लागि भनेको थियो । जेजस्तो अब मैले गर्नुछ, यो त्यो हो कि म यहीं बसिरहुँ । र, त्यस बेलासम्म लगभग बीस या तीससम्म बरफ खसिसकेका थिए र जसमा लगभग एक या डेढ इन्च बरफ जमिसकेको थियो र बर्फिलो हुरी यति

जोडसँग चलिरहेको थियो कि त्यसले यस बरफलाई पनि उडाएर लगेको थियो। र, म त्यहाँ केहीबेरसम्म बसिरहें।

त्यसैबेला मैले एउटा आवाज सुनें। उसले मसँग भन्यो, "म स्वर्गको परमेश्वर हुँ, जसले स्वर्ग र पृथ्वीलाई सृष्टि गरेको छ।"

तब मैले आफ्नो टोपी झिकें र म शान्त बसिरहें र मैले त्यस आवाजलाई फेरि पनि सुनें। मैले सोचें, "यो कुनै आँधी थिएन, जो यो आवाज गरिरहेको थियो।"

मैले त्यस आवाजलाई फेरि पनि सुनें, उसले भन्यो, "म त्यहीं छु, जो विशाल समुद्रमा उठ्नेवाला शक्तिशाली आँधी (तुफान) लाई शान्त गर्दछ। म नै सृष्टिकर्ता हुँ। मैले तै तिम्रो उपस्थितिमा त्रिलहरीहरूलाई सृष्टि गरेको थिएँ। मैले नै यो सबै गरेको थिएँ।"

त्यस आवाजले मसँग भन्यो, "तँ आफ्नो खुट्टामाथि उभिई।" र, म आफ्नो खुट्टामा उभिएँ। तब त्यस आवाजले मसँग भन्यो, "अब तँ यस तुफानसँग बोल, र जस्तो तँ यसलाई गर्न भन्छ, यसले त्यसै गर्नेछ।"

यही एकदमै सत्य हो। जब म न्यायको समय तिमीसँग भेट गरौंला, तब मलाई यी सबै कुराहरूको लागि दिनुपर्नेछ। मैले त्यहाँ सोचें ... तब मैले भनें, "आँधी शान्त भई जा, तँ आफ्नो ठाउँमा फर्किएर जा। र, तँ सूर्य चार दिनसम्म सामान्य रुपबाट नै चम्किरहनु।" र, मलाई उडाएर फ्याँकिदिनेवाला थियो, शान्त भए- त्यो बर्फिलो तुफान शान्त भयो र एक या दुई क्षणपछि नै सुरज ठीक मेरो अगाडि चम्किरहेको थियो र जब मैले पहाडहरूबाट तल हेरें तब म आँधीलाई पूर्वतर्फबाट आउँदै गरेको देख्न सक्दथिएँ (आँधी पश्चिमबाट चलिरहेको थियो) पूर्वी हावा चलिरहेको थियो र ऊ यसप्रकार आइरहेको थियो..... म ती

बादलहरूलाई पनि आश्चर्यजनक रुपबाट आइरहेको देख्न सक्दथिएँ... र ती केही क्षणमा नै मेरो आँखाबाट ओझेल भए। मलाई थाहा थिएन कि उनीहरू कहाँ गएका थिए। म केहीबेरसम्म त्यहीं उभिइरहें- आँसु मेरा दारीबाट बगिरहेका थिए। मैले सोचें, "ठीक छ म केवल ..." मेरो अनुमान छ कि सबै भाइ टैन्टमा छन् र सूर्य चम्किरहेको थियो...

तब म पहाडबाट तल ओर्लन थालें। त्यस चम्किलो सूर्यको गर्मीले बरफ चम्कन थालेका थिए र मेरो कमिजबाट पनि बाफ निस्किरहेको थियो र मैले पहाडबाट तल ओर्लन सुरु गरें र जब मैले यस्तो गरें तब एक या दुई क्षणपछि मलाई त्यो आवाज पुनः सुनाइपर्‍यो, त्यस आवाजले मसँग भन्यो, "तँ मसँग किन हिँड्दैनस् ?"

मैले उत्तर दिएँ, यो मेरो लागि अति महानतम सौभाग्यको कुरा हो" म पछाडि फर्किएँ र हरिनहरू दौडनेवाला बाटोमा हिँड्दै त्यो विरानो जंगलभित्रबाट हुँदै पछाडि जान थालें। मैले सोचें, "ठीक छ, म तबसम्म हिँड्दै रहुँला जबसम्म म त्यस स्थानसम्म नपुगुँ, जहाँ म सर्वदा आफ्नी पत्नी भैडालाई प्यारभरि सलाम गर्दछु र म त्यस जंगलमा एक्लै गइरहेको थिएँ- लगभग आधा या पौने घण्टामा बरफ पनि पग्लीसकेको र सुकि पनि सकेको थियो र मैले सोच्न सुरु गरें, "मलाई आश्चर्य हुन्छ कि भैडाले किन म जाने विषयमा केही भनिन।" मैले स्वयंलाई भनें, "मलाई याद छ, जब म आफ्नो विवाहपछि सबैभन्दा पहिलोपटक उसलाई यहाँ लिएर आएको थिएँ, र म उसलाई यी काठका केलट्टोको माथिसम्म लिएर आएको थिएँ। परन्तु अब यी बुढी हुँदै गएकी छिन्।" म उसको ख्यालमा हराएको जस्तो भएर त्यहाँ पुगें। सेतो दाडी या सेतो या कालो कपाल मिश्रित दाडी

मेरो अनुहारमा उम्रिएका थिए। मैले सोचें, " विली तिमी धेरै समयको लागि यहाँ रहँदैनौ, तिमी बुढो भइरहेका छौ।"

मैले अगाडि बढ्न सुरु गरें, र जब मैले माथि हेरें तब मलाई यस्तो देखाइदियो कि मानौं, त्यहाँ म आफ्नी पत्नीलाई वहाँ फैलाइरहेको आफ्नो अगाडि देख्न सक्दछु र उसका कपाल अहिले पनि कालै छन्। मैले आफ्नो शिर तल निहुऱ्याएँ। म माथि त्यस ठाउँतिर बढ्दै गइरहेको थिएँ, जहाँनिर लहराउँदै गरेका स-साना वृक्ष थिए... त्यहींनिर एउटा कमानीदार वर्ह या लटासा थियो... र मैले आफ्नो शिरलाई त्यसको एउटा हाँगोमा यसप्रकार अड्याएँ। म त्यहाँ उभिएर रोइरहेको थिएँ र टप-टप-टपको नाद गर्दै कुनै आवाज मलाई सुनाइदियो र मैले तल हेरें तब मैले पाएँ कि मेरा आँखाबाट आँसु बगिरहेका थिए जुन मेरा दाडी हुँदै ती सुख्खा पातहरूमा चुहिरहेका थिए, जसमा लगभग आधा घन्टा पहिले लगभग एक इन्च अग्लो बरफ जमेको थियो।

म त्यस रुखको सहारा उभिएको थिएँ र आँसु मेरा गालामा बगिरहेका थिए। मैले विचार गरें, "खुदा... मैले त्यस परमेश्वरको विषयमा सोचें जसले तुफान र लहरसँग भनेको थियो, शान्त भै जाउ।" र तुफानले उसको आज्ञाको पालन गरेको थियो। यो त्यही येशू थियो, जो हामीसँग यहाँ यी रुखमा उभिएको थियो। ऊ अहिले पनि बचन हो।" बचनको... समस्त प्रकृतिले उसको आज्ञालाई पालन गर्नुपर्दछ किनकि ऊ प्रकृतिको सृष्टिकर्ता हो। म त्यहाँ उभिएर रोइरहेको थिएँ र आँसु मेरा गालामा बगिरहेका थिए।

जब म चार दिनपछि पहाडबाट उत्रिएर तल आएँ, तव चार दिनपछि आकाशमा एउटा पनि वादल थिएन- म भित्र आएँ र मैले (Filling station man) सँग सोधें, "के बरफ पूर्ण त सुकिसकेको छ ?"

उसले उत्तर दियो, जी हो के तपाईंलाई थाहा छ कि यस बीले तुफानको सन्दर्भमा अघिल्लो दिन नै एउटा विचित्र कुरो भनिएको थियो कि यो तुफान (आँधी) एका-एक पूरा किसिमको थामिएको थियो ।"

र, तब म यरोजनाबाट फर्कँदै न्यू मैक्सिको लाइन आएँ र मैले आफ्नो पुत्र विलीसँग भनें, "आउ हामी त्यहाँ गएर हेरौं आज के हामीले यसै बाटोमा जानुछ ।"

मैले आइतबार बिहान, त्यहाँ हेरे र मसँग अलिकता पेट्रोल अर्थात् गैसोलिन थिएँ र गैसोलिन वेचनेबाट मानिसले मलाई भन्यो, "के तपाईंको शिकार यात्रा राम्रो रह्यो ?"

मैले उसलाई उत्तर दिएँ, "जी हो श्रीमान् ।"

उसले सोध्यो, "के कुनै खास घटना घटित भयो ?

मैले उत्तर दिएँ, जी हो श्रीमान । मेरो साह्रै राम्रो समय व्यतित भएको थियो ।

मैले सोधें, "यो साह्रै नै सुष्क दिन देखिने गर्छ ।" उसले उत्तर दियो, "जी हो यहाँ साह्रै नै सुष्क मौसम छ, परन्तु अर्को दिन हामीलाई अत्यधिक बरफ खस्ने विषयमा भनिएको थियो र तपाईंलाई थाहा पनि होला कि बर्फिलो आँधी साह्रै नै विशाल रुपमा सुरु भएको थियो, परन्तु एकाएक त्यो शान्त भएको थियो ।" ए मेरा खुदा ! ए मेरा खुदा !

र, आजभन्दा पाँच वर्षपूर्व, म यस क्षेत्रबाट अलग थिएँ । म केवल गिरजाहरूमा जान्थे र जे जति म गर्न सक्दथिएँ, त्यो म गर्ने गर्दथिएँ । तपाईंहरू यो सबै थाहा पाउनुहुन्छ । परन्तु, मेरो हृदय बोझले भरिएको थियो । म यहाँबाट बाहिर निस्किएँ र ऐरिजोना आएँ र परमेश्वर येशू जुन कामहरू गर्नलाई मलाई

भन्दछन्, मै तिनलाई गर्दथिएँ र सबै ठाउँमा एकप्रकारको बेदारी जस्तो देखिने गर्दथियो र मलाई आश्चर्य लाग्दैन थियो कि के घटित भइरहेको छ। आफ्नो हृदयमा मैले प्रायश्चित गरेको थिएँ, मैले भनेको थिएँ, "यदि मैले कुनै गल्ती गरेको छु भने तपाईं भन्नुस् ताकि म आपफ्नो गल्तीलाई सुधार्न सकुँ। हरेक बेला मेरो हृदय भारी रहने गर्दथ्यो र मलाई एकप्रकारको डरलाग्दो अनुभूति भैरहन्थ्यो।

मैले त्यस विजयलाई हासिल गर्न सकिन जसलाई म गर्न चाहन्थें, परमेश्वरले अनेकौं महान कार्य गरे र अद्भूत चिन्ह देखाए, जसको तपाईंहरू सबै साक्षी हुनुहुन्छ- यहाँ आएर, तपाईंलाई यी सबै कुराहरूको विषयमा बताइएको थियो र जुन महान अलौकिक चिन्ह देखाइरहेका छन्, त्यसबाट अखबार वा पत्रपत्रिका इत्यादि भरिएका छन्।

परन्तु मेरो हृदय अझै पनि बोझले भरिएको छ, म त्यस रुखको सहारा यसप्रकार उभिएको थिएँ। मैले सोचें, "स्वर्गका महान परमेश्वर एकछिन अगाडि नै तपाईंले मानिसको कुरालाई झूठो ठहऱ्याइदिनुभयो र प्रकृतिले पनि यस्तै नै गऱ्यो। परमेश्वर यो कसलाई गरिन सकिन्थ्यो ? येशूमसीह हिजो, आज र युगानुयुग एकै समान छन। यो त केवल उसैको बचन थियो, जसलाई तपाईंले मलाई बोलाएर भन्नुभएको थियो।" "पिता, मैले यस कुराको लागि तपाईंको कति आभारी हुनुपर्छ र अब त्यस तप्त सूर्य ममाथि चम्किरहेको थियो, आकाशमा कहीं पनि कुनै बादल थिएन।"

त्यसै बेला बोम-बोम गर्दै गरेको कुनै आवाज सुने (भाइ, ब्रनहम मञ्चमा यस आवाजलाई मुखबाट निकालेर बताउँछन्- सम्पा.) र जब मैले देखें, तब मैले देखें कि तीन हरिन मेरा

अगाडि उभिएका थिए र उनीहरू मतिर नै हेरिरहेका थिए । गत सप्ताह यी हरिनहरूलाई साह्रै धेरै तादातमा शिकार गरिने गरिन्थ्यो र त्यहाँ शिकारी पनि थिए र त्यहाँ मैले रातो रंगको वस्त्र पहिरेको थिएँ । परन्तु यदि कसैले थाहा पाउँछ भने उनीहरूले त्यहाँबाट शिघ्र नै जानुपर्ने थियो (भाइ ब्रनहम आफ्ना औंलाहरू बजाउँछन्- सम्पा.) परन्तु उनीहरू मतिर नै हेरिरहेका थिए र हरिन खानको लागि ती साह्रै राम्रो हुन सक्दैनथिए । ऊ एउटी विशाल हरिन थिई र उसका दुईटा पूर्ण वा परिपक्का बाचाहरू थिए । मैले सोचें, "यो एकदमै सही त हो, हामीलाई तीन हरिनहरूको नै त आवश्यकता थियो ।"

तब कसैले मसँग भन्यो, "के तिमीलाई थाहा छ, परमेश्वरले नै यिनलाई तिम्रो हातमा सुम्पेका छन् ।" जब म फूल गास्पल विजनेस म्यानसँग थिएँ भने... लगभग एक वर्ष पहिले भाइ कलेटोन हामीसँग शिकारमा गएका थिए- जब मैले त्यो यादगार माछो पक्रेको थिएँ, जो कि साह्रै ठूलो थियो... तब मैले उनको लागि उन्नाइस सिंगेवाला बारसिंह मारेको थिएँ र.....

कहिले पनि यी विजनेस म्यान- मेरा भाइ, मसँग यसको माग गर्दछन्- तीमध्ये कोही चिकित्सक छन्, तपाईंलाई थाहा छ कि उनीहरू मोटा छन् र उनीहरू हिँडडुल गर्न सक्दैनन्, कति त आफ्ना मेचमा बस-बसी मसँग भन्दछन्, "भाइ बिली मेरो निम्ति एक या दुई सालका निल गाई मारी देऊ ।"

"म सावर चाहन्छु"

"मेरो लागि खरायोको छालाको व्यवस्था गरिदेऊ ।"

यहाँ मैले शिकारको भरपुर आनन्द लिएको थिएँ र बाह्र सिंगा तथा अन्य जनावरहरूको शिकार गरेको थिएँ, परन्तु परमेश्वरले मलाई यो सबै गर्नका लागि मनाही गरेका थिए र धेरै

वर्ष भएको छैन, कि जब मैले कोलोराडोको त्यस बर्फिलो तूफानमा परमेश्वरसँग प्रतिज्ञा गरेको थिएँ र मैले परमेश्वरसँग भनेको थिएँ, "प्रभुमा मानिसको शिकारको लागि मार्गदर्शन त गरौंला तर मानिसको लागि म शिकार गर्ने छुइन"- जबसम्म हामीलाई कुनै जनावरलाई मार्नुपर्ने खास जरुरत पर्दैन तबसम्म उसलाई मार्नु हुँदैन ।

र केटाहरू यदि तपाईलाई याद छ भने तपाईहरूलाई थाहा छ होला कि जब त्यो विचारा बुर्जुर्ग भाइ त्यहाँ शिकार खेल्न गयो तब उसलाई हिरण (हरिन) भेटिएको थिएन (त्यस भाइको के नाम हो ? त्यस भाइको नाम पलमर हो) ऊ भएकोमा आयो र आफ्नो शरीरको ($10.) मेरो हातमा राखेर मसँग भन्यो, "भाई ब्रान्हाम यो मेरो देह (शरीर) को हो, तपाई यसलाई गिर्जामा लगाइदिनुस ।" फेरि उसले मसँग भन्यो, "भाइ के तपाई मलाई एउटा हरिन मलाई दिनुहुनेछ ।"

ओहो म... (टेपको यो अंश खाली छ- सम्पा)... त्यहाँ मेरो अगाडि ती हरिन उभिएका थिए र यो मेरो राइफल मेरो काँधमा तेर्सिएको थियो। मैले केवल आफ्नो काँधलाई यसप्रकार सरकायें । मैले सोचे, "यिनीहरू मबाट टाढा भाग्न सक्दैनन् । यी मेरा ठीक अगाडि छन् । म राइफल चलाउन पनि साह्रै सिपालु छु र यिनीहरू फर्कनु भन्दा पहिले नै यिनलाई मारेर लडाउन सक्छु । देख्यौ ? मसँग राइफल थियो र मैले सोचें, "यी तिनका तिनै हरिन ठीक मेरा अगाडि उभिएका छन्....." परन्तु जब मैले आफ्नो राइफल ताकें । तत्कालै परमेश्वरको त्यो प्रतिज्ञा याद आयो र मैले भनें, "मलाई थाहा छ, जब एक पटक एक व्यक्तिले दाउदसँग भनेको थियो, "परमेश्वरले अयुवलाई तेरो हातमा जिम्मा लगाई दिएका छन्- या शाउललाई तेरो हातमा

सुम्पिदिएका छन्- अनु.) परन्तु दाउदले उसँग भन्यो, "त्यसलाई नाश नगर, किनकि यहोवाको अभिषिक्त माथि हात चलाएर को निर्दोष ठहरिन सक्छ ? तँ परमेश्वरको अभिषिकलाई नछो ।"

परमेश्वरसँग मैले कवोल गरेको छु कि म यसो गर्ने छुइन । त्यसो त मैले यो सोचेको थिएँ, "यी तीन हरिनहरू यस पहाडको चुचुरोमा उभिएका छन् । म यी तिनैलाई यस पहाडबाट झार्न सक्दछु र फेरि हामी यिनलाई सजिलै पक्रन सक्दछौं । यी तिनै हरिन मेरा अगाडि उभिएका थिए, परन्तु मैले भनें, "होइन म यसो गर्न सक्दिन । र ती दुइवटा पूर्ण परिपक्व हरिन-शिशु र मामा हरिन आमा यस प्रकारसँग मेरा नजिक आइरहेका थिए । ती तीनवटै काफी हृष्टपुष्ट थिए र तिनीहरू यताउता हेर्दै घुमिरहेका थिए ।

र म केही बेरको लागि त्यही उभिरहें र मैले सोचें, यिनीहरू त साह्रै नै विचित्र हरिनहरू हुन् । मैले रातो रंगको लुगा लगाएको छु, यिनले यो रातो लुगा देखेर भाग्नुपर्ने । मैले सोचेको थिएँ कि म यिनीहरूलाई डराई दिनेछ । मैले भने, "तिमी मेरा हातमा छौ, यदि तिमीले चाह्यौ भने पनि मबाट टाढा भाग्न सक्दैनौं, परन्तु म तिमीलाई कुनै प्रकारको चोट पुऱ्याउने छुइन । तब उनीहरूले आफूले एक अर्कालाई हेरे र फेरि उनीहरू म भएतिर आए र मलाई हेर्न थालें.... तब मैले आफ्नो राइफल तल राखें र उनीहरूसँग भने, "ठीक छ, हिरणी आमा, तिमी आफ्ना बच्चालाई लिएर जंगलतिर जाउ । म त यहाँ परमेश्वरको उपस्थितिमा आनन्दित छु, तिमी आफ्ना बच्चालाई लिएर जंगलतिर भागी जाउ । मैले परमेश्वरसँग प्रतिज्ञा गरेको छु, कि म मानिसको लागि जनावरको शिकार गर्ने छुइन । अब

तिमी आफ्‌ना बच्चालाई लिएर जंगलतिर जाऊ। म पनि यस जंगलसँग माया गर्दछु। तिमी यहाँबाट जाउ।"

तव त्यस हरिण आमाले मतिर हेरिन र ती दुवैले चारैतिर हेरे- ती तिनैले चारैतिर हेरे। तब उनीहरू पछाडि फर्किएर त्यहाँबाट हिँडे परन्तु केही छिनपछि नै ती तिनैं पुनः फर्किएर आए। र मैले तिनीसँग भने, "तिमीहरू मेरो हातमा छौ, तिमीहरू यहाँबाट भागेर जान सक्दैनौं परन्तु म तिमीहरूलाई कुनै चोट पुऱ्याउने छैन। तिमी जंगलतिर भागेर जाओ मैले स्वयंलाई परमेश्वरको हातमा सौंपी दिएको थिएँ, अतः मेरो कुनै हानी भएन। उसले नै मेरो प्राणको रक्षा गरेको छ। मेरो कुनै हानी भएन उसले नै मेरो प्राणको रक्षा गरेको छ। मैले उनीसँग वादा गरेको छ कि म मानिसको लागि शिकार गर्ने छुइन, अतः म तिमीहरूलाई मुक्त गर्दछु। तिमीहरू जंगलतिर भाग र आनन्द मनाओ। यी पेड पौधाको आनन्दलेओ। तिमीहरू जाओ।

तिमीहरू केही छिन त्यही उभिरहेर फेरि मेरो हात चाट्नको लागि मसँग आए र फेरि ती तीनवटै पछाडि फकिएर मलाई यसप्रकार हेर्न थाले र फेरि केही परसम्म हिँडेर फेरि रोकिए र रोकिएर फेरि मलाई हेरेर जंगलतिर लागे (गए) र त्यहीँ उभिएको थिएँ। मैले सोचें, "हरिणहरूले यसो गर्नु सारै नै असाधारण हो। सारै विस्मित छु। यो सबै यसैको लागि भयो किन कि प्रभु येशू यहाँ छन्-

र त्यसैबेला एउटा आवाज मसँग बोल्यो, "के तिमीलाई सम्झना छ कि तिमीले वादा गरेका थियौ।

मलाई थाहा थियो कि यिनी प्रभू नै हुन्। र मैले भने, "हो प्रभु। मलाई सम्झना छ।

र तब मेरो हृदयबाट त्यो बोझ हट्यो। मसीह मित्र, मसँग यस्तो धेरै पहिले भएको थिएन, यस्तो त मसँग पछिल्लो अक्टवरमा भएको थियो। म एउटा भिन्दै किसिमको इन्सान भएको छु। तपाईले परमेश्वरसँग जे पनि वादा गर्नु भएको छ, तपाई त्यसलाई विश्वास गर्नुस्, र तपाई जेजस्तो पनि परमेश्वरसँग माग्नुहुन्छ, तपाई त्यसलाई विश्वास गर्नुहोस्। परमेश्वरले तपाईको प्रार्थनालाई सुन्ने छन् र उनीहरूले तिमीलाई तिम्रो प्रार्थनाको जवाफ दिनेछन्। तपाई स्वयंलाई परमेश्वरको वचन विरोधी सबै कुराहरूबाट पृथक राख्नुहोस्।

आउनुहोस् केही क्षणको लागि हामी आफ्ना शिरहरूलाई झुकाउँ।

के तपाई आज रात्री परमेश्वरको वचन सुन्नको लागि समस्त अविश्वासीहरूबाट छुट्टिन इच्छक हुनुहुन्छ ? यदि तपाई यसो गर्नुहुन्छ र यदि तपाई विश्वास गर्नुहुन्छ कि ऊ हिजो आज र युगानुयुग एकै समान छ, भने तपाई आफ्ना हातहरूमाथि उठाउनुहोस् र भन्नुहोस्, "प्रभु आज राती म तपाईसँग प्रतिज्ञा गर्दछु। तपाईले जुन जुन कुराको प्रतिज्ञा गर्नु भएको छ, म ती सबै माथि विश्वास गर्दछु। म तपाईका प्रत्येक वचनलाई विश्वास गर्दछु र यीनलाई कहिल्यै अविश्वास गर्ने छुइन।" जुन कामहरूलाई गर्नका लागि परमेश्वरले गरेका छन्, ती सबै कामहरू उनले गर्दै गरेको देख्दछौं।

हाम्रा स्वर्गीय पिता, तपाईलाई थाहा छ कि यो कहानी साँचो हो। यस्तो चौथो पटक भएको थियो र पाँचौं पटक मेरी बहुमूल्य पत्नीसँग भएको थियो, जब उ... गत सप्ताह त्यस डाक्टर कहाँ गएकी थिई, तब उसले त्यो टिप्पनी लेखेकी थिई...

परन्तु त्यस डाक्टरको कथन अनुसार उसले मेरी पत्नीको ट्यूमर हेर्नुभन्दा अगाडि नै ऊ त्यहाँबाट गायव भएको थियो।

अब, पिता, म तपाईसँग प्रार्थना गर्दछु कि तपाई यी मानिसहरूलाई सहायत गर्नुहोस्। म अनुभव गर्दछु कि म अब बूढो भइसकेको छु र मलाई थाहा छ कि अब मैले छिट्टै जानुछ। र, प्रभु म प्रार्थना गर्दछु.... कि हुन पाओस्, कि म आफ्ना भाइहरूप्रति इमान्दार र निस्कपट बनिरहन सक्दिन तब मलाई तपाईप्रति पनि इमान्दार र निस्कपट बनिरहन सक्दिन। प्रभु म यस विषयमा तपाई कै नै गवाही सुन्न चाहन्छु।

म प्रार्थना गर्दछु कि आज राती तपाई हामीहरूमा बचनलाई जीवित बनाउनुहोस् र हामी सबैलाई विश्वास प्रदान गर्नुहोस्। यस छोटो जस्तो बरदानको द्वारा.... कहिले-कहिले मानिस सोच्दछन् कि वरदान कुनै एउटा वस्तु हो जसलाई उनीहरू आफ्नो हातहरूमा लिएर मनलाग्दो उपयोग गर्दछन्। पिता हुन पाओस् कि उनीहरू बुझुन् कि वरदानको मतलव यो हुँदैन। वरदान त यसको लागि दिइन्छ कि ताकि जो पवित्र आत्मा गर्न चाहन्छ, उसले गर्न सकोस्। प्रभु, हुन पावस कि अब हामी आफ्नो खुबीबाट अलग होऊँ र महान पवित्र आत्मा यहाँ आएर, हामीमा भएर काम गरुन् र हुन पाओस् कि आज राती येशू मसिहको त्यो प्रतिज्ञा, जसको कि म हवाला दिन्छु, हामी आफ्नो माझमा त्यो पूरा हुँदै गरेको देख्न पाऊँ, एक पटक परमेश्वर देहधारी भएर अब्राहीमसँग आएका थिए, तब उनले हृदयको गुप्त भेदलाई थाहा पाएका थिए। र पवित्र शास्त्र बताउँद छ कि परमेश्वरको वचन मनको भावना र विचारलाई जाँच्दछ र यसैकारण चेलाहरूलाई थाहा थियो कि ऊ परमेश्वर हो।

पिता, हुन पाओस कि आज राती तपाई यहाँ आउनुहोस् र हाम्रो दीन व नम्र मन्दिर तपाईलाई समर्पित होस् ताकि तपाई हामीमा विश्वास निमित्त गर्नुहोस् हुन पाओस कि आज राती तपाईको पवित्र आत्मा हामीहरू बीचमा स्वयंलाई प्रकट गर कि तपाई अहिले पनि वचन हुनुहुन्छ र आफूले आफैलाई समस्त अविश्वासबाट पृथक गरुन र तपाईलाई अनुकरण गरुन्। हुन पाओस ती तपाई हामीबाट, येशूको नाममा कुराकानी गर्नुहोस्। आमीन।

(मण्डलीमा कोही जन भविष्यवाणीमा सन्देश दिन्छ- सम्पा)

स्वर्गका महान परमेश्वर, तपाई हामीमाथि अनुग्रहकारी हुनुहुन्छ। ओहो, प्रभु तपाईको आज्ञालाई पालन गर्न हेतु तपाई हामीलाई सहायता गर्नुहोस्। र यी शब्दलाई प्रोत्साहित गर्नको लागि हामी तपाईको धन्यवादित छौं। एउटा, तपाईको पवित्र आत्मा हामीहरू बीचमा घुमोस् र यी वचनहरूलाई सत्य प्रमाणित गरोस्। हामी यसलाई येशूको नाममा माग्दछौं। आमीन।

परमेश्वरमा विश्वास राखुन् र सन्देह नगरुन्। सहार्सी बनिरहुन्। उनको आगमनको समस्या एकदमै निकट छ। आज राती यहाँ कैयौं मानिस छन्, जसलाई प्रार्थना कार्ड बाँडिएको छ। कति मानिससँग प्रार्थना कार्ड छ, के तपाईहरू आफ्ना हातहरू माथि उठाउन सक्नुहुन्छ ? यदि परमेश्वर मलाई हृदयका गुप्तभेद प्रकट गर्नलाई अनुग्रह प्रदान गर्दछन् भने मेरो लागि यति धेरै मानिसको विषयमा बताउन कठिन हुनेछ। परन्तु एकछिनका लागि मलाई यो हेर्न वा भन्न दिनुहोस् कति मानिस त्यहाँतिर यस्ता छन्, जोसँग प्रार्थना कार्ड छैन र उनीहरू आफ्नो चंगाई हेतु परमेश्वरसँग प्रार्थना गरिरहेका छन् ?

हुन पाओस् कि प्रभु परमेश्वर तपाईहरूमध्ये सबैलाई सहायता गरुन् । म त मात्र तपाईको भाई हुँ । येशू नै तपाईका उद्धारकर्ता हुन् । परमेश्वर हाम्रा पिता हुन । जब हामीले परमेश्वरबाट जन्म पाएका छौं, भने हामी यस संसारका होइनौं, वरण हामी ती माथिका यानी स्वर्गका मानिस छौं । अब यो भन्दा पहिले बिरामीहरूको लागि प्रार्थना गरौं.... म तपाईलाई यो बताई दिन चाहन्छु कि यस मञ्चमाथि उभिएका रोगीहरूका लागि प्रार्थना गर्नेवाला यो व्यक्ति, एउटा मानिस मात्र हो, र जो सेवक (Ministers) रोगीहरूको लागि प्रार्थनाहरू गर्दछन्, उनीहरू पनि केवल मानिस मात्र हुन् । म यस प्रकारको कुनै पनि प्रभाव छोड्न चाहन्न कि मनै एउटा एक्लै यस्तो छु । जसले बिरामीहरूको लागि प्रार्थना गर्दछ । बुझ्यौ ? परमेश्वर मेरो मात्र होइन अपितु तपाईलाई या अन्य कसैलाई पनि उपयोग गर्न सक्दछ । परन्तु आवश्यकता म यस कुराको छ कि यो विश्वास गरियोस् कि जो परमेश्वर गर्दछन्, त्यो सत्य हुन्छ । परन्तु अहिले जे पनि मैले भने यो जे जस्तो मैले भनिसकेको छु आउनुहोस् त्यसको पुष्टिमा एकछिनको लागि हामी आफ्ना शिरहरूलाई झुकाउँ । तपाईहरू जो बिरामी हुनुहुन्छ, तपाईहरूसँग प्रार्थना कार्ड छैन, र तपाईहरू प्रार्थना गरिरहनु भएको छ, र तपाईहरू प्रार्थना गर्नुहोस् र यो भन्नुस, प्रभु येशू मलाई थाहा छ कि बाइबल बताउँदछ कि विश्वासको प्रार्थनाद्वारा रोगी बाँच्ने छ, प्रभु उसलाई उठाएर उभ्याइदिनेछन् र पवित्रशास्त्र यो पनि बताउँदछ कि येशू मसिह हिजो आज र युगानुयुग एकै समान छन् । यदि त्यही येशू हो भने ऊ तिनै कामहरूलाई आज पनि गर्नेछ । र पवित्राशस्त्र यो पनि बताउँदछ कि पवित्रशास्त्रको वचन देहधारी

तरबार भन्दा पनि धेरै तेज छ र मनका लागि विचारहरूलाई जाँच्दछ ।

हामीलाई थाहा छ कि जब बचन येशू मसिहको व्यक्तित्वमा या परमेश्वरको पुत्रमा देहधारी भएको थियो, तब परमेश्वरको पुत्रले ती कामहरूलाई ठीक त्यसरी नै गरेका थिए, जसलाई परमेश्वरले पुत्रमार्फत गरेका थिए। येशूले सन्त यहुन्नाको १४ वाँ अध्यायमा भने म तिमीसँग साँचो-साँचो भन्दछु कि जो ममाथि विश्वास गर्दछ, यी काम जो म गर्दछु उसले पनि गर्नेछ, बरु यो भन्दा पनि ठूला कामहरूलाई गर्ने छ, किनकि म पितासँग जान्छु । र अब पवित्रशास्त्रको हिब्रुको पुस्तक हामीलाई बताउँदछ कि येशू हाम्रो यस्तो महायाजक हो, जसलाई हामी समस्त दुर्वलतासहित छुन सक्दछौं । म होइन बरन येशू नै त्यो नै महायाजक हो । उनै हामी जस्तै महायाजक हो, जसलाई हामी आफ्नो समस्त दुर्वलताहरूको भावनासहित स्पर्स गर्न सक्दछौं ।

अब यदि तपाई यस्तो अनुभव गर्नुहुन्छ भने तपाई आफ्ना अविश्वासका सबै बन्धनहरूलाई खुकुलो गर्दै, त्यस भित्रबाट यो भन्दै बाहिर निस्कनुहोस्, "श्रेष्ठ महायाजक, म तपाईलाई छुन चाहन्छु...." अब यदि ऊ हाम्रो महायाजक हो र ऊ हिजो, आज र युगानुयुग एकै समान हो हो भने उसले अहिले पनि त्यसै कामलाई गर्ने छ, जो उसले त्यसबखत गरेको थियो, किनकि ऊ एकता हो ।

र अब, ऊ हिजो आज र युगानुयुग एक समान छ। हुन सक्दछ, त्यस स्त्रीसँग पनि प्रार्थना कार्ड नहोस्, परन्तु उससँग विश्वास थियो। र, विश्वास हुनु नै सबभन्दा अनिवार्य हो। विश्वास राख्नुस् र त्यस महान चिकित्सकलाई स्पर्स गर्नुहोस्। र त्यस दिव्य बरदानको द्वारा यदि म आफ्नो खुबीलाई बाहिर

निकालेर राखिदिऊँ र यो भनौं कि जो पवित्र आत्मा गर्न चाहन्छ, त्यो उसैले गरोस्, जुन कार्यहरूलाई गर्नलाई ऊ इच्छुक छ ऊ तिनीहरूलाई नै गरोस्.... भने यो वरदान कुनै कल्पना मात्र रहँदैन, बरु यो वास्तवमा वरदान बनी जान्छ। यदि यो काल्पनिक हो, भने यसबाट कुनै काम बन्ने छैन। यदि त्यो वास्तविक हो भने यो कार्य गर्दछ। यही हो, त्यो जुन येशूले भनेका थिए, "काम जुन म गर्दछु। आफ्नो तर्फबाट गर्दिन। परन्तु पिता ममा रहेर आफ्नो काम गर्दछन्।" अतः यी कामहरूलाई गर्नेवाला म हुन नै सक्दिन। ऊ त परमेश्वरको पुत्र थियो, म त एउटा पापी हुँ, जो उसको अनुग्रहबाट बचेको छु। केवल विश्वास गरौं। निरास न होऊँ। केवल विश्वास गरौं र भनौं "प्रभु येशू हुन पाओस् कि म तपाईको लुगालाई छुन पाउँ।" केवल सामान्य प्रार्थना गरौं। केवल प्रार्थना गर्दैरहूँ। जो जहाँ छन्, त्यो त्यही उभियोस्। केवल प्रार्थना गरोस्। स्थिर उभिइरहुन्, हतार नगरुन्। व्याकुल हुने चेष्टा नगरुन्। केवल विश्वास गरुन्। के तपाईहरू सबै विश्वास गर्नुहुन्छ ? के तपाई विश्वास गर्न सक्नुहुन्छ। पहिलेका सबै कुरा बिर्सिएर ती बाचाहरू असाधारण छन, परन्तु येशूले त्यसको प्रतिज्ञा गरेको थियो यदि तपाई एकछिनका लागि एकदमै शान्त बनिरहनु भयो, हामी हाम्रा प्रार्थना पंक्तिलाई सुरु गर्ने छौं। म भनिराखेको छुइन कि उसले यस्तो गर्नेछ। हुन सक्दछ उसले नै यस्तो गरोस्। परमेश्वरको अनुग्रहले म सोच्दछु किन म आफ्नो नै सोचबाट मुक्त भएको छु। हुन सक्दछ ऊ अब..... अब हुन सक्दछ तपाई यदि तपाई आफ्नो शीरलाई माथि उठाउन, अनुभव गर्नुहुन्छ भने तपाईमा बनिरहनुस् र यसतर्फ हेर्नुहोस्। जस्तो यहुन्नाले भनेका थिए, "म तिर हेर" न कि "हामीतिर हेर।" यो भन्नमा उनको

यो अभिप्राय थियो कि जो उनीहरू भनिरहेका छन्, ती कुराहरूमा उसको ध्यान केन्द्रित गर्न सकोस् ।

अब तपाईहरूमा यहाँ मुस्किलले नै कोही होला जसलाई म चिन्दछु । म यहाँ छु । म यहाँ बसिराखेका मर्टिन वा यसलाई र म विचार गर्दछु त्यहाँ तल बसेका भाई डाँउल्टनलाई जसले कि रंगीन चस्मा लगाएका छन्, लाई चिन्दछु । अत: म ति दूतलाई छाडेर, ती मानिसहरू भएको जान्छु जसलाई म चिन्दिन ।

अब हुन पाओस् कि येशू मसिह आफ्नो तमाम समर्थकको साथ यहाँ आउन ताकि तपाई यस यस दिनको लागि गरिएको प्रतिज्ञालाई देखेर वचनको मलाकी ४ को अनुसार जुन भविष्यवाणी यस दिनको लागि गरिएको छ, त्यो पनि पूरा हुनुपर्छ । परमेश्वरले त्यसको प्रतिज्ञा गरेको छ । अवस्य नै केही हुनेवाला छ, किनकि परमेश्वरले त्यसको प्रतिज्ञा गरेको छ ।

यहाँनिर एकदमै अगाडि एउटी स्त्री बसेकी छ। उसले भोलि अस्पताल जानुछ । ऊ चोट ग्रस्त भइसकेकी छ.... उसको स्वचालित बाहन, मोटर गाडीद्वारा accident भएको थियो । उसलाई भित्री चोट आएको छ व उसको पाखुरा क्षतिग्रसत भएको छ । महिला के तपाईसँग प्रार्थना कार्ड छैन ? के तपाईको लागि म पूरै किसिमले अपरिचित छु ? के के तपाईलाई म चिन्दिन ? के हामी एकअर्कालाई चिन्दैनौं । तपाईले केवल मेरो प्रचार सुन्नु भएको छ । परन्तु तपाइलाई थाहा छ कि तपाईको विषयमा केही थाहा पाउँदिन । के यो सबै कुरा सत्य हो र यदि यस्तो हो भने तपाई आफ्नो हात माथि उठाउनुहोस् । परमेश्वरले तपाईलाई आशिषित गरुन् । जी हाँ, यस्तो नै हो र तपाई केवल विश्वास गर्नुहोस्, तपाईले अस्पताल जाने कुनै

आवश्यकता हुने छैन। तपाईको बिमारी निको भइसकेको छ। त्यस स्त्रीलाई के भएको थियो ?

यस आइमाईको पछाडि ठीक एउटा मानिस बसेको छ... के तपाई यस प्रकाशलाई देख्न सक्नुहुन्न ? त्यो पहेंलो रंगको लाइटलाई हेर्नुहोस्, त्यो घुमफिर गरिरहेको छ त्यो महिलाको ठीक पछाडि एक व्यक्ति बसेको छ, ऊ कसैको लागि प्रार्थना गरिरहेको छ। यो त्यसको भाइ हो, जो अस्पतालमा छ, ऊ उसको लागि प्रार्थना गरिरहेको छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको भाइलाई निको पार्ने छन्, आउनुहोस् र उसलाई यो बताउँकी र सबथोक ठीक हुनेछ। के तपाई यसलाई विश्वास गर्नुहुन्छ ? म तपाईको लागि अनजान छु ? के यो ठीक कुरो हो ? ठीक छ... विश्वास गर्नुहोस्।... उसले के छोएको थियो ?

यहाँ एउटी महिला छन्, ऊ विलकुल ठीक उनको पछाडि बसेकी छन्। के तपाई त्यस लाइटलाई देख्नुहुन्छ ? के तपाई त्यसलाई देख्न सक्नुहुन्न ? यहाँ हेर्नुहोस्। प्रत्येक ती लाइटलाई हेर्नुहोस्, हेर्नुहोस् त्यो पहेंलो रंगको जस्तो गोलाकार लाइट। त्यसको ठीक तल उउटी महिला बसेकी छन्। ऊ यहाँ छिन, ऊ कसैको लागि प्रार्थना गरिरहेकी छन्। ऊ दुइवटा बच्चाको लागि प्रार्थना गरिरहेकी छन्, ऊ आफ्नो नातिको लागि प्रार्थना गरिरहेकी छन्। यो आइमाई यहाँ कि होइनन्, ऊ कालिफोर्नियाबाट आएकी हुन्। ऊ आफ्नो प्रार्थनासहित आएकी हुन्। उनीसँग अरु कोही पनि छ। ऊ उसकी बहिनी हो। उसकी बहिनी त्यहाँ रातो लुगा लगाएर बसेकी छन्। उसलाई मिर्गी (छारे रोग) को रोग छ। यो एकदमै सत्य हो। ऊ कालिफोर्नियाबाट आएकी हुन्। उसले उसलाई आफुसँग ल्याएकी

हो। तपाईको नाम मेरी हो। के तपाई आफ्नो सम्पूर्ण हृदयदेखि नै यसलाई विश्वास गर्नुहुन्छ, के यो सबै सत्य हो ? यदि यो सत्य हो भने तपाई आफ्नो हातलाई हल्लाउनुहोस्। यदि तपाई आफ्नो पूरा हृदयदेखि नै यसलाई विश्वास गर्नुहुन्छ भने जे तपाई मागिरहनु भएको छ यो तपाई पाउनु हुनेछ।

अब यदि जोसुकै यिनीसँग सोध्न चाहन्छ भने उसले सोध्न सक्दछ कि के म उनलाई जान्दछु।

युवती के तपाईसँग प्रार्थना कार्ड छैन भने उसले सोध्न सक्दछ कि के म उनलाई चिन्दछु... ।

यहाँनिर अन्तिम पंक्ति एउटा व्यक्ति बसेको छ, ऊ मतिर हेरिरहेको छ। उसको घुँडामा तकलिफ छ। यदि उसले विश्वास गरोस् कि उसको तकलिफलाई परमेश्वरले निको पार्न सक्दछन् भने जसको लागि ऊ प्रार्थना गरिरहेको छ, त्यो उसको लागि भइजानेछ। के तपाई यसलाई विश्वास गर्नुहुन्छ ? ठीक छ, श्रीमान तपाईको घुँडाको बिरामी ठीक भइसकेको छ। के तपाईसँग प्रार्थना कार्ड छ ? तपाईसँग प्रार्थना कार्ड छैन ? तपाईलाई यसको आवश्यकता पनि छैन।

के येशू मसिह हिजोआज र युगानुयुग एकै जस्तो छ।

यहाँ एउटी महिला बसेकी छ, जसलाई स्त्री रोग लागेको छ ? के तपाई यसलाई विश्वास गर्नुहुन्छ ? यहाँ एउटी महिला छ, ओहो, मेरा खुदाः ऊ यसबाट चुक्ने वाला छ। उसले लालसँगको कोट लगाएकी छ। उनको नाम श्रीमती डेले हो। तपाई आफ्नो सम्पूर्ण हृदयदेखि विश्वास गर्नुहोस्। श्रीमती डेले, प्रभु, येशू मसिह तपाईलाई चंगा गरिदिनेछ।

तपाई सोध्नुहुनेछ, के म यस महिलालाई चिन्दछु। मैले आफ्नो जीवनमा यिनलाई कहीँ देखेको थिइन, स्वर्गीय पिता यी

कुराहरूलाई थाहा पाउँछन् । त्यसो भए फेरि तपाई भन्नुहुनेछ, तपाईले त्यस महिलाको नाम किन पुकार्‍यौ, तपाई त्यस महिलाको नाम कसरी चिन्द थियौं ? “ठीक छ येशूले भनेका थिए, तिम्रो नाम सिमौन हो, र तिमी योनाका पुत्र हौ” के यो ठीक हो ? अब, के यो त्यही होइन ? ऊ हिजोआज र युगानुयुग एकै जस्तो छ । के तपाई विश्वास गर्नुहुन्न कि यो सत्य हो ? येशूले के भनेका थिए ? कि यसले नै अन्तका दिनहरूमा हुने छ । र याद रहोस्, चुनिएका कलिसियालाई र अब्राहीम र उसको सन्तानको पुत्र प्रकट हुन भन्दा पहिले यही चिन्ह दिइएको थियो । के यो ठीक छ र ? परश्वरले अब्राहीमलाई उसको यात्राको लागि यो चिन्ह दिएका थिए र ठीक परमेश्वरले यस्तो नै कलिसियासँग पनि गरेका छन् । परन्तु जब परमेश्वरको दूत तल झरे र उसले अविश्वासी अन्य जातिहरूलाई नष्ट गरी दिएको थियो, तब आश गरिएको पुत्र, जसको प्रतिक्षा गरिएको थियो, प्रकट भएको थियो ।

यो सेवकाई छिट्टै सकिनेछ र आशा गरिएको पुत्र स्वयं प्रकट हुनेछ । यो कलिसिया लूथरको धर्म ठहर्ने या न्यायसंगत हुने वैसलिको पवित्र करण र पेन्टिकस्टलको पवित्र आत्माको वपतिस्मा पाउने चरणबाट गुजार्दै, अब यो चोटीको पत्थर धारण गर्ने स्थितिमा आइपुगेकी छ । प्रत्येक कालका सेवकाइको सिद्ध तस्वीरको छायाँ थियो । अब ऊ एउटा शुद्ध तस्वीर बनेकी छैन र येशू त्यस कलिसियालाई जो की उसमाथि विश्वास गर्दछ, कुनै पनि दिन हावामा मिल्नको लागि आउने छ । आज राती नै तपाईं स्वयंलाई सबै प्रकारको अविश्वासबाट पृथक गर्नुहोस् र केवल विश्वास गर्नुहोस्, के तपाई यस्तो गर्नुहुनेछ ?

आउनुहोस्, अब हामी ती मानिसको लागि प्रार्थना गर्नेछौं जोसँग प्रार्थना कार्ड छन्... मलाई यकिन छ कि गत राती मैले

पच्चीस मानिसको लागि प्रार्थना गरेको थिएँ । के यो ठीक छ ? म सोच्दछु, यही कुरो तय भएको थियो ।

(भाई ब्रनहम प्रार्थना पंक्तिलाई बोलाउँछन्-सम्पा)

अहिले हामीले विना प्रार्थना कार्डका मानिसकै विषयमा बताएका छौं । मानिसहरू भन्दछन् कि म मानिसको प्रार्थना कार्डलाई हेरेर उनको बारेमा बताउँदछु । परन्तु यहाँ... उनीहरूसँग कुनै प्रार्थना कार्ड थिएन, उनीहरू त मात्र यहाँ बसेका मानिसहरूमा मात्र थिए । र हृदयमा गुप्त भेदहरूलाई प्रकट गर्नु सभामा भइनै रहन्छ । अब यहाँ कति नै यसलाई लगभग आधा या यो भन्दा बढी समय देखिसकेका छन् र यस्तो हुँदैरहन्छ । परन्तु तपाईलाई थाहा छ, यी कुराहरूले तपाई हामीलाई अरु धेरै सामर्थ प्राप्त हुन्छ । दक्षिणमा मैले लगभग चालीस सभाहरू गरेको थिएँ । अब यहाँ तपाईहरू आफ्नो-आफ्नो प्रार्थना कार्डसहित आउनुहोस् । जोसँग 'A' अक्षरयुक्त प्रार्थना कार्ड छ, उनीहरूमा पनि यसतर्फ आउन ।

र, अब हामी अन्य शेष सबै परमेश्वरको छहारीमा यस गीतलाई गाउँ केवल विश्वास गरौं । के तपाई सबै यस गीतलाई आउनुहुन्छ । आउनुहोस् हामी सबै मिलेर यस गीतलाई गाउँ ।

केवल विश्वास गरौं,

सबै थोक सम्भव छ, केवल विश्वास गरौं

प्रभु, म विश्वास गर्दछु, प्रभु म विश्वास गर्दछु ।

(भाइ ब्रनहम प्रार्थना पंक्तिलाई निर्देशन गर्दछन्- सम्पा)

कति मानिस यी विरामीहरूलाई चंगा हुँदै गरेको हेर्न चाहन्छन् ? अब यो ध्यान दिनुहोस्, परमेश्वरले नै चंगा गर्दछन् । के यो साँचो कुरो हो ? अब यदि आज राती येशू नै ती लुगा

लगाएर यहाँ उभिउन्, जुन कपडालाई उनले मलाई लगाउन दिएका छन् भने... र तपाई उसलाई भन्नुस्, "प्रभु के तपाई मलाई चंगा गरिदिनहुनेछ।" तब उसले भन्नेछ "मैले तिमीलाई पहिलेदखि नै चंगा गरिसकेको छु।" "ऊ हाम्रा अधर्मका कामहरूको लागि कुल्चिदियो, उसका कोडा खानाले हामी चंगा भएका थियौं।" के यो ठीक छ ? के तपाईले सम्झनुभयो ? उसले यो पहिले नै गरिदिएको छ। यो भूतकालमा छ।

तपाई भन्नुहुन्छ, "प्रभु मलाई उद्धार गर्नुहोस्।" उसले यो पहिलेदेखि नै गरिदिए। यसबाट कुनै मतलव छैन कि तपाई कति रुनुहुन्छ या कति दुवा गर्नुहुन्छ र बाजालाई बजाउनुहुन्छ, यसबाट तपाईको उद्धार हुन सक्दैन, जबसम्म तपाई यो स्वीकार गर्नुहुन्न या विश्वास गर्नु हुन्न कि उसले मेरो लागि यो सबै गरेको छ भनेर। के यो ठीक छ ?

बिलकुल ठीक यस्तो नै चंगाई पनि हो। म मानिसलाई चंगा गर्दिन, म मानिसलाई चंगा गर्न सक्दिन। परन्तु प्रभु येशूले गर्ने छन् ? यदि ऊ हिजोआज युगानुयुगसम्म एकसमान छ, भने उसले अहिले पनि ती कामहरू गर्ने छन्, जुन उसले त्यसबखत गरेका थिए। किन कि यिनै हुन उनी जो उनले त्यस दिनको लागि प्रतिज्ञा गरेको छ। कतिलाई थाहा छ कि उसले के प्रतिज्ञा गरेको छ। जी हो, श्रीमान, सम्पूर्ण बचनमा उसले यही नै प्रतिज्ञा गरेको छ। तपाई सात कालिसियाई कालहरू तथा अन्य टेपहरूको सन्देशलाई सुनेर हेर्नुहोस्, र देख्नुहुनेछ, कि यी सबै कुराहरू बचन अनुसार प्रमाणित भएका छन्।

तपाई जो आज यस पंक्तिमा उभिनुभएको छ तथा चंगा पाउन व हृदयको भेदलाई चाल पाउनका लागि आउनु भएको छ, म तपाईलाई यो बताउन चाहन्छु कि एक पटक येशूले दर्शन

देखेका थिए र भनेका थिए "कसैले मलाई अवस्य छोएको छ।" किन कि मलाई थाहा छ कि मबाट सामर्थ निस्किएको छ।" जी हजुर, यो समर्थ नै उसभित्रबाट निस्किएको थियो। त्यसैलाई तपाईले छुनु भएको हो र त्यो चंगाईले यस कुरालाई प्रमाणित गर्दछ कि ऊ हामीसँगै छ। के तपाईले बुझ्नुभयो ?

अब यदि म यस प्रार्थना पंक्तिबाट गुजरु र प्रार्थना गरुँ र तपाईहरू माथि हात राखुँ र फेरि तपाईहरूलाई आफ्नो-आफ्नो सीटमा गएर बस्नुभयो भने यहाँ कति छन् जो विश्वास गर्दछन् किन यसो गर्नाले मात्र पनि उनीहरू चंगा हुनेछन् ? के तपाई विश्वास गर्नुहुन्छ, यदि म तपाईको लागि प्रार्थना गरुँ र फेरि तपाईको लागि माथि हात राखुँ तब तपाई चंगा भईजानुहुनेछ ? के तपाई विश्वास गर्नुहुन्छ कि त्यो पहेंलो रंगको चम्किलो गोलाकार उज्यालो पवित्र आत्मा नै थियो, जुन यहाँ देखिएको थियो ? म केवल यस्तो नै गर्न सक्दछु... यदि तपाई चाहनुहुन्छ कि यस प्रार्थना पंक्तिलाई तोडेर र केही अरु मानिसको लागि स्थान बनाइयोस् भने हामी यस्तो गरिदिनेछौं। पवित्र आत्मा यहाँ छ। देख्यौ... तपाईको सोच भन्दा फरक छ। यदि उसले तपाईलाई चंगा गरिदिन्छ भने तपाई त्यसलाई अरु धेरै विश्वास गर्नुहोस्।

परन्तु अनेकौ. लोग मानिस सोच्दछन्, "उनीहरूको माथि हात राखियोस्" परन्तु पवित्र शास्त्र बताउँदछ, "परमेश्वरले आफ्नो वचन पठाए र त्यसैले उनलाई चंगा गरेको थियो।" ठीक यही उसले अहिले गरेको थियो। उसले आफ्नो वचन तपाईसँग पठायो र त्यसलाई सत्य प्रमाणित गऱ्यो र उसैले चंगा गऱ्यो। जब यहुदी येशूसँग आउँछन् भने ऊ बाँचने छ। परन्तु त्यस रोम सेना नायकले भन्यो, "म यस योग्य छैन कि तपाई

मेरो छत आउनुहोस् ।" तर तपाई केवल वचनलाई मात्र मेरो.... ठीक यस्तै नै विश्वास म तपाईसँग गर्ने प्रयत्न गर्न गइरहेको छु । के तपाईले बुझ्नुभयो ? परन्तु यदि तपाई चाहनुहुन्छ कि तपाईका लागि प्रार्थना गरियोस् र तपाईको माथि हात राखियोस् । अब म चाहन्छु कि जब म यी मानिसहरूको लागि प्रार्थना गर्दछु भने तपाईहरू सबै मेरो प्रार्थनामा साथ दिनुहोस् । आउनुहोस् हामी आफ्नो शीरलाई दिहुऱ्याउँ ।

प्रभु, येशू, अब म यी मानिसहरूको लागि प्रार्थना गर्दछु । यिनीहरूलाई थाहा छ कि तपाई यहाँ उभिनु भएको छ । यिनीहरूलाई थाहा छ कि तपाई मानिसहरूको माझमा हुनुहुन्छ । र आज राती जब यी मानिसहरू यस मञ्चमा प्रार्थना गर्नका लागि आउँदछन् भने हुन पाओस कि यिनीहरू मसँग म जो तपाईको सेवक छु या तपाईका अन्य सेवक यहाँ बसेका छन्, उनीहरू भएको ठाउँ नआउन बरु हुन पाओस् कि यिनीहरूले यहसास गरुन यिनीहरू परमेश्वरको जीवित मन्दिर नजिक आइरहेका छन् । यी मानिसहरू यस प्रतिज्ञाको मातहत यहाँ आएका जुन तपाईले गर्नुभएको थियो कि : "विश्वास गर्ने वालाहरूको लागि चिन्ह हुनेछन् । उनले विमारीमाथि हात राख्नेछन् र विमारी चंगाई हुनेछन् ।" परमेश्वरले यसलाई प्रतिज्ञा गरेका छन् । उनले प्रतिज्ञा गरेका थिए कि जसले विश्वास गर्नेछ, उसैको उद्धार हुनेछ र हरएक जो उसमाथि विश्वास गर्दछ, उसले उद्धार पाएको छ । जसले पनि चंगाइको विश्वास गर्दछ, उसले चंगाई प्राप्त गर्दछ । पीता, तपाई अहिले हाम्रो विश्वासको उपाय गर्नुहोस् । तपाई हाम्रो अविश्वासलाई हटाउनुहोस् ।

आज राती तपाईले आफू स्वयंमलाई हामीलाई देखाउन खातिर, स्वयंलाई आत्मिक रुपबाट यहाँ प्रकट गर्नुभएको छ । र

हुन पाओस कि यस मञ्चमाथि जोसुकै पनि आउँदछ या जसलाइ पनि यी स्रोताहरूमा छन्, तीमध्ये एक पनि यस सभाको समाप्त रहनुज्याल विरामी हुन नपाउन। प्रभु, छुन पाओस् की महान पवित्र आत्मा आफ्ना मानिसहरूको माभ्क आओस् र हामीहरू प्रत्येकलाई अभिव्यक्त गरुन्- यहाँ बसेका तपाईका सबै सेवकलाई, या तपाईका सबै दाशलाई र यहाँ बसेका सयकडौं मानिसलाई पवित्र आत्माले अभिषिक्त गरोस्।

पीता, जब कि हामी तपाईको दिव्य उपस्थितिमा छौं, अत : हुन पाओस कि हाम्रो प्रत्येक प्रार्थना तपाईको हजौरीमा पुगोस्। यदि यी मानिस विश्वास गर्दछन् कि जब यिनी यस मञ्चबाट गुजरन्छन् भने यो सम्भ्कन सकुन् कि आजको रात यिनीहरूको चंगाइएको रात हो।

अब म चाहन्छु कि जब यी मानिस यहाँ आउँदछन् र म यीनको चंगाई हेतु यी माथि हात राख्दछु, तब तपाईहरू प्रार्थना गर्न जारी राख्नुहोस्। श्रीमान् तपाई आउनुहोस्।

(प्रार्थना पंक्ति भाइ ब्रम्हम नजिक जान्छ- सम्पा.)

एक पटक येशूले भनेका थिए, "तिमी यो हात पाउँ कि मैले तिमीसँग के गरेको छु।" मैले त केवल त्यही गरें, जुन परमेश्वरले गर्नलाई आज्ञा दिएका थिए।

आउनुहोस्, अब हामी सबै मिलेर प्रार्थना गरौं। याद रहोस्, जब तपाई आफ्नो ध्यानलाई परमेश्वरतर्फ लगाउनुहुन्छ र आफ्नो प्रार्थना गर्नुहुन्छ भने तपाई अहिलेदेखि नै विश्वास गर्नुहोस्, हामीसँग अहिलेदेखि नै विश्वास गर्नुहोस्। अब हुन सक्दछ कि हरेक बिरामीसँग प्रार्थना कार्ड नहोस्... परन्तु भोलि राती हामी फेरि पनि ६:३० या ७ बजे प्रार्थना कार्ड वितरीत गर्नेछौं, ताकि भोलि राती पनि बिमारीको लागि प्रार्थना गर्न

सकियोस् । मलाई क्षमा गर्नुहोस् कि आज रातीमा बिरामीहरूको लागि प्रार्थना गर्नाको कारण मैले तपाईहरूलाई केही बेर बसाई राखें । परमेश्वर तपाईलाई आशिषित गरुन् । आउनुहोस् अब हामी आफ्नो शिरलाई एक पटक फेरि निहुराउँ । पिता जब जब हामी तपाईसँग प्रार्थना गर्दछौं भने हामी आफ्ना सबै अपराधीहरूलाई क्षमा गर्दछौं । प्रभु यदि हामीभित्र केही यस्तो पाइन्छ, जसलाई तपाई मनपराउनुहुन्न, भने तपाई मलाई क्षमा गर्नुहोस् । हामीलाई बताइएको छ कि हामीले तपाईको लिखित आज्ञाको पत्रिया हुनुपर्ने जसलाई मानिसद्वारा पढिइन्छ । जब हामीले तपाईको आज्ञालाई पालन गऱ्यौं, तब हामीले तपाईको उपस्थितिलाई हाम्रो बीचमा प्रकट हुँदै गरेको देख्यौ... मानिसले यहाँ यस मञ्चमा आएर आफ्नो विश्वासलाई प्रमाणित गरे । पिता, हामीले उनीमाथि हातहरू राखेका छौं । हामीहरूमध्ये सबैले एउटाले मात्र होइन सबैले प्रार्थना विश्वास गर्दै उनीमाथि आफ्ना हातहरू राख्यौ कि तपाई उनीहरूको शरीरलाई चंगा गर्नुहुनेछ ।

जब तपाई यस पृथ्वीमा हुनुहुन्थ्यो, तब तपाईले भन्नुभएको थियो, यदि तिमी मेरो नाममा जेसुकै पितासँग माग्नेछौं भने उसले त्यही गर्नेछ । येशू जो कि परमेश्वरको पुत्र थिए, ऊ परमेश्वरको प्रतिज्ञा थियो र त्यो परमेश्वर जसले प्रतिज्ञा गरेको छ, उसले आफ्नो कवोललाई पूरा गर्न हेतु, आज राती स्वयंलाई हाम्रो माझमा प्रकट गरेका छन् । बिमारीमाथि हात राखेर प्रभु, तपाईको आज्ञालाई पालन गरेको छ । अब पिता यो हुन पाओस् । जो लेखिएको छ, यो होस् । हुन पाओस कि येशू मसिहको सामर्थ यहाँ आओस् र यहाँ उपस्थित प्रत्येक व्यक्तिलाई हरप्रकारको अविश्वासबाट पृथक गरोस् र हुन पाओस् प्रभु, येशूको उपस्थिति,

जो यो वचन हो, जसले हाम्रो मनलाई भावना र विचारलाई जाँच्दछ, तपाई आज राति प्रत्येकसँग हुनुस् र हामी शैतालनाई र उसका समस्त सामर्थी अविश्वासीलाई गाली गर्दछौं। शैतान परमेश्वरको आत्मा विकराल रुपमा तेरो विरुद्धमा उभिएको छ। तिम्रो भएको छ। येशू मसिहले तँलाई कलवारीमा परास्त गरेका थिए।

ऊ तेस्रो दिन मूर्दाबाट बाँचेर उठेको थियो, र उसले मृत्यु, नरक र कव्रमाथि विजय पाएको थियो। ऊ अग्लो माथि चढ्यो र उसले मानिसलाई वरदान दिएको छ। आज राती ऊ मानिसमा यहाँ छ। उसले भनेको थियो, “अब केहीछिन बाँकी छ कि फेरि संसारले मलाई देख्ने छैन, परन्तु तिमीले मलाई देख्नेछौ, किन कि म तिमीसँगै हुनेछु, बरु म जगतको अन्तसम्म म तिमीसँग हुनेछु।” आज राती हामीले उसको उपस्थितिलाई देख्यो, उसले आफ्ना वचनलाई पूरा गर्दै गएको देख्यौ। विश्वासको द्वारा हामी यो यकिन गर्दछौं, आज राती यहाँ आएका प्रत्येक विमारी परमेश्वरको महिमा हेतु चंगा हुनेछन्। हामी यसलाई येशूको नाममा माग्दछौं र मानिसले भने- “आमीन।”

परमेश्वर तपाईलाई आशिषित गरुन्।

The Title :

God's Word Calls for a Total Seperation From Unbelief

64-0121 Vol. 3-20

First Edition
**2003**
Nepali

This book is made available by the freewill contributions from believers.

Printed By :

**VOICE OF GOD RECORDINGS**
P.O. Box 950, Jeffersonville, Indiana 47131. U.S.A.

**VOICE OF GOD RECORDINGS**

India Office

28,Shenoy Road, Nungambakkam, Chennai 600 034 S. India

Phone : 044 - 28274560 □ Fax : 044 - 28256970

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org